# आर्थिक वर्ष २०७९।८० को
# नीति तथा कार्यक्रम र बजेट वक्तब्य

**चन्द्रपुर नगरपालिका**

**चन्द्रनिगाहपुर, रौतहट ।**

**मधेश प्रदेश, नेपाल**

# चन्द्रपुर नगरपालिकाको नगर उपप्रमुख श्री जयमाला कुमारी चौधरीले चन्द्रपुर नगरपालिकाको नवौं नगर सभामा प्रस्तुत गर्नु भएको आगामी आर्थिक बर्ष २०७९।०८० को नीति तथा कार्यक्रम र बजेट वक्तब्य

**नवौं नगरसभाका आदरणीय सभाध्यक्षज्यू,**
**नगरसभा सदस्यज्यूहरु।**

चन्द्रपुर नगरपालिकाको यस नवौं गरीमामय नगर सभामा नगर उपप्रमुखको हैसियतले चन्द्रपुर नगरपालिकाको आगामी आर्थिक वर्ष २०७९।०८० को बजेट, नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अवसर पाउँदा गौरवान्वित महसुस गरेको छु। सर्वप्रथम यस महत्वपूर्ण अवसरमा मुलुकलाई तीन तहको सरकार सहित संघीय लोकतान्त्रिक गणतन्त्रको आजको यस परिवर्तित युगसम्म ल्याउन र देशको समग्र राष्ट्रियता, सार्वभौमसत्ता, अखण्डता, राष्ट्रिय स्वाधिनता, स्वतन्त्रता एवं संघीयता सहितको मुलुकको संमृद्धिको भाग्य रेखा कोर्नको लागि विभिन्न समय क्रममा जीवन उत्सर्ग गर्नुहुने जनयुद्ध, जनआन्दोलन र मधेस आन्दोलनका क्रममा आफ्नो अमूल्य जीवन बलिदान गर्नुहुने सम्पूर्ण ज्ञातअज्ञात अमर शहीदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। साथै यस अवसरमा विभिन्न आन्दोलनका क्रममा घाइते र बेपत्ता नागरीकहरु प्रति उच्च सम्मान तथा  घाइते योद्धाहरुप्रति सम्मान सहित शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु। दोश्रो स्थानीय तह सदस्य निर्वाचनमा हामीलाई अमूल्य मत दिई विजयी गराउनु हुने सम्पूर्ण चन्द्रपुर नगरवासी बुबा आमा, दाजुभाई तथा दिदीबहिनीहरु प्रति आभारी छु।

नागरीकको सबैभन्दा नजिकको सरकारबाट प्रदान गरीएको सेवा नै छिटो, छरितो र प्रभावकारी हुन्छ भन्ने संघीयताको मूल मर्म अनुरुप नीति, कानून तथा योजना बनाउने र कार्यान्वयन गर्ने काम स्थानीय स्तरमै हुने भएकाले चन्द्रपुर नगरपालिकाको समग्र विकासमा सर्वसाधारणले नै महसुस गर्ने गरी उल्लेख्य सुधारका कामहरु शुरु गर्ने अवसर पाउँदा हर्षित छु।

आगामी आर्थिक वर्षको नगरपालिकाको विकास नीति तथा कार्यक्रम र वजेट तर्जुमा गर्दा सहभागितात्मक योजना तर्जुमा प्रक्रिया अन्तर्गत बस्तीस्तरबाट विभिन्न सहभागितात्मक चरणहरु पुरा गरी वस्ती, वडा, नगर कार्यपालिकाबाट स्वीकृत गरी यहाँहरु समक्ष बजेट, नीति तथा कार्यक्रम प्रस्ताव गरी पेश गरीएको व्यहोरा निवेदन गर्दछु। यस अवसरमा हाम्रा अथक प्रयासहरुमा हरदम निर्देशन र सहयोग प्रदान गर्नु हुने व्यवस्थापिका-संसद र मधेश प्रदेश सभाका माननीय सदस्यज्यूहरु, नगरमा कृयाशिल राजनैतिक दलहरु, सरोकारवाला निजी, सहकारी समेतका विकास साझेदारहरु, समाजसेवी, नगरवासी सम्पूर्ण दाजुभाई तथा दिदी वहिनीहरु, विकास अभियन्ताका रुपमा रहेका स्थानीय सरोकारवाला निकायहरु, गैर सरकारी संस्थाहरुको साझेदारी भूमिकाप्रति नगरपालिकाको तर्फवाट हार्दिक कृतज्ञता प्रकट गर्दछु।

नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन समेतका कानूनहरुले व्यवस्था गरे बमोजिम सहभागितामूलक योजना तर्जुमा प्रक्रिया मार्फत आगामी आर्थिक वर्षको राजश्व र व्यय सहितको बजेटको अनुमान नगर कार्यपालिकाबाट स्वीकृत गराई  नीति तथा कार्यक्रम र वजेट चालु आर्थिक वर्षको आषाढ १० गते भित्र नगर सभामा पेश गर्ने र आषाढ मसान्तभित्र पारित गरी सक्नुपर्ने कानूनी प्रावधान रहेको छ। कानूनी प्रावधान वमोजिम स्थानीय सरकार सञ्चालन ऐन, २०७४, तथा प्रचलित कानून, निर्देशिका तथा कार्यविधिको अधिनमा रही गत आर्थिक वर्ष २०७७/०७८ को यथार्थ आय-व्ययको विवरण, चालु आर्थिक वर्ष २०७८/०७९ को संशोधित वजेट तथा कार्यक्रम र

आगामी आर्थिक वर्ष २०७९/०८० को अनुमानित वार्षिक वजेट, नीति तथा कार्यक्रमलाई नगर कार्यपालिकाबाट स्वीकृत गरी पेश गरीएको व्यहोरा अनुरोध गर्दछु ।

**आदरणीय सभाध्यक्ष ज्यू,**

अव म चन्द्रपुर नगरपालिकाको समग्र विकास सम्वन्धी वस्तुस्थितिको संक्षिप्त आंकलन यहाँहरु समक्ष राख्ने अनुमति चाहान्छु । चन्द्रपुर नगरपालिकाको विकासको वर्तमान अवस्था, नगरवासीहरुको वढ्दो चाहना र अपेक्षा, उपलव्ध सिमित श्रोत साधन, कार्यालय र नगरका मौजुदा समस्या तथा चुनौतिहरु, कार्य सम्पादनको क्रममा देखिएका चुनौती तथा अवसरहरुप्रति बिहङ्गम दृष्टि र विश्लेषण गर्दै नगरपालिकाको दुरगामी विकास गर्ने अर्जुन दृष्टि निर्माण गर्नु चन्द्रपुर नगरपालिकाको आजको आवश्यकता रहेको छ ।

चन्द्रपुर नगरपालिका भौगोलिक वनावट, प्राकृतिक श्रोत, ऐतिहासिकता, सांस्कृतिक, शैक्षिक, कृषि एवं पर्यटकीय महत्वका दृष्टिले प्रवल र तिव्र विकासको संभावना भएको यो नगरपालिका हो । तथापी नगरपालिकाको अपेक्षित तुलनात्मक विकास हुन सकेको छैन, यसका पछाडि थुप्रै चुनौति र कमजोरीहरु रहेका छन ।

नगरपालिकाको समग्र विकासको क्रममा पछाडि पारिएका वर्ग तथा क्षेत्रका समुदायलाई न्यायपूर्ण र समतामूलक समाजको  विकासको मूलप्रवाहमा ल्याउने, उत्पादनमूलक क्षेत्रमा लगानी वृद्धि गर्ने, रोजगारीका अवसरहरुको सृजना एवं विस्तार र विविधिकरण गर्ने, कृषि एवं पशु विकास क्षेत्रहरुको प्रवर्द्धन तथा विविधिकरण गर्ने, उत्पादनमूलक क्षेत्रहरुको व्यवसायिकरण गर्ने, आधुनिकीकरण एवं यान्त्रीकरण गर्दै सूचना, सञ्चार र प्रविधिको माध्यमबाट सुशासनमा प्रवर्द्धन गरी सार्वजनिक विकास पूर्वाधारहरुको दिगो विकास गरी सेवा र सुविधाहरुको प्रवाह गर्ने, पर्यटकीय दृष्टिले अनुपम संभावना रहेको पर्यटन क्षेत्रको विकास गरी यसवाट प्राप्त लाभ टोल, बस्ती हुँदै विपन्न वर्गसम्म पुर्याउने, नदि, ताल तथा  सिमसार क्षेत्रको संरक्षण गर्दै पर्यावरणीय सन्तुलन कायम गर्ने, जलवायु परिवर्तनको नकरात्मक असरको न्यूनीकरण गर्दै अनुकुलनका कार्यक्रमहरु कार्यान्वयन गर्ने, समय सुहाउँदो भौतिक पूर्वाधारहरुको विकास र विस्तार गर्ने, सामाजिक विकास एवं पूंजीलाई संस्थागत गर्दै चन्द्रपुर नगरपालिकाले लिएको, **"समृद्ध चन्द्रपुर नगरपालिका, सुखी नगरबासी"** को गन्तव्यमा पुग्न **"कृषि, उद्योग, पर्यटन र पूर्वाधार : समावेशी दिगो विकास चन्द्रपुर नगरपालिकाको मूल आधार"** भन्ने Vision लाई चुम्न सक्ने गरी दिगो विकास गर्ने पूर्वाधार विकासका कार्यहरु गर्नु हाम्रा मुख्य चुनौतिहरु रहेका छन ।

**आदरणीय सभाध्यक्ष ज्यू,**

प्रस्तुत चुनौतीका वावजुद पनि नगरपालिकाको समग्र विकास र समृद्दि गर्न कायम रहेको जनप्रतिनिधिहरुको उच्चस्तरको  अठोट, समन्वय एवं संतुलित एकता, पर्यटकीय आकर्षणका धरोहरका रुपमा रहेका नुन्थर, पौराई, स्मृति पार्क , कालापानी पार्क, तिलेश्वरनाथ,  डावरी कोटीहोम, मरधर सिमसार, निजानन्द धाम, चन्द्रपुर झर्ना समेतका प्रचुर जैविक विविधता एवं पर्यटकीय उपस्थिति, शैक्षिक एवं स्वास्थ्य सम्वन्धी सूचकहरुको दृष्टिले रौतहट जिल्लामा रहेका अन्य स्थानीय तहहरु भन्दा चन्द्रपुर नगरपालिका अग्रपंङ्गतीमा रहेको छ। शिक्षा स्वास्थ्य सहितका मानव विकास एवं आर्थिक सूचकाङकहरुमा चन्द्रपुर नगरपालिकाको वढ्दोस्तर, आकर्षणय'क्त बसाइसराई, फैलदो सडक सञ्जाल, सक्रिय एवं विकासप्रेमी नागरीक समाज र वस्ती, निजी क्षेत्र एवं गैरसरकारी क्षेत्रको प्रचुर विकास र सहयात्रा यस नगरपालिकाका विकासका थप अवसर एवं पूंजीको रुपमा रहेका छन् । संघीय सरकारको शहरी क्षेत्रको विकास गर्न SMART CITY निर्माण गर्दै जाने नीति बमोजिम चन्द्रपुर नगरपालिकाले प्राथमिकता प्राप्त गरी कार्य प्रक्रिया अगाडि

बढेको र चन्द्रपुर विशेष आर्थिक क्षेत्र (Special Economic Zone) निर्माण गर्न सम्भाव्यता अध्ययन गर्ने कार्य प्रक्रिया अगाडि वढ्नुले यो चन्द्रपुर नगरपालिका थप उत्साहित बनेको छ।

यस चन्द्रपुर नगरपालिका भित्रका सम्पूर्ण जेष्ठ नागरीक, बालपोषण, एकल महिला, अपाङ्गहरु समेतका लाभग्राहीहरुलाई वैंकिङ्ग पद्धतिवाट सामाजिक सुरक्षा समेतका भत्ताहरु वितरण गर्ने प्रवन्ध मिलाईएको छ। नगर उपप्रमुखको संयोजकत्वमा रहेको अनुगमन समितिलाई प्रभावकारी रुपमा परिचालन गरीएको छ, नगरपालिकाबाट सञ्चालित योजना तथा कार्यक्रमहरुको कार्यान्वयनमा देखिएका कमि कमजोरीहरुको वारेमा समयमा नै नगरपालिकालाई जानकारी गराउन सञ्चार क्षेत्रलाई परिचालन गरीएको छ। साझा सवालका विषयहरुमा यस नगरपालिकामा रहेका संघीय सरकार र प्रदेश सरकारका निकायहरुसँग समन्वय गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाइएको छ। सिमित जनशक्तिका बावजुद शिक्षा, स्वास्थ्य , सरसफाई, कृषि तथा पशु सेवा समेतको सेवा प्रवाहमा सुधार गरीएको छ। सहकारी क्षेत्रलाई नगरपालिकाको दायराभित्र ल्याई दर्ता, नविकरण, नियमन तथा व्यवस्थापन गर्ने प्रक्रिया अगाडि वढाइएको छ। विकास पूर्वाधारको मुख्य आधारको रुपमा रहेको सडक सञ्जाललाई नियमित आवागमन योग्य वनाउँदै तिनीहरुलाई सुदृढिकरण गरिंदै लगिएको छ। विपद् जोखिम न्यूनीकरण र वातावरण अनुकूलनका कार्यहरु अगाडि वढाइएको छ। नगरपालिकाबाट सञ्चालन तथा कार्यान्वयन हुने योजना तथा कार्यक्रमहरुको वारेमा नगरवासीलाई सञ्चार गर्दै सुसूचित गर्न नगरमा रहेका सञ्चार माध्यमहरुलाई प्रोत्साहन र परिचालन गर्ने कार्य अगाडि वढाइएको छ। सञ्चार क्षेत्रसँगको सहकार्यलाई निरन्तरता दिईएको छ। कार्यालयवाट सम्पादन गरीने योजना तथा कार्यक्रमहरुमा पेश्की दिईने कार्यलाई निरुत्साही गर्दै खरिद सम्झौताको आधारमा भए गरेको कामको प्रगतिको प्राविधिक कर्मचारीहरुबाट नापजाँच तथा मूल्यांकन गरी दायित्व सरी तथा अन्य शीर्षकबाट भए गरेको कार्यक्रमको सम्बन्धमा कार्यविधि बनाइ नगर उपप्रमुखज्यूको संयोजकत्वमा रहेको अनुगमन तथा सिफारिश समितिको सिफारिश बमोजिम मात्र भूक्तानी दिईने व्यवस्था मिलाईएको छ। लक्षित कार्यक्रमहरु सञ्चालन गर्दा लक्षित वर्ग नै लाभान्वित हुने र उनीहरुले कार्यक्रमको अनुभूति गर्ने गरी जनसंख्या र भौगोलिक सन्तुलनको आधारमा कार्यक्रम छनौट गरीएको व्यहोरा निवेदन गर्दछु। पूर्वाधार विकास गर्दा र सडक निर्माण तथा मर्मत संभारका योजनाहरु कार्यान्वयन गर्दा सम्वन्धित निकायहरुसंग समन्वय गर्दै कार्यान्वयनमा दोहोरोपना आउन नदिन आवश्यक समन्वय गर्ने व्यवस्था अगाडि वढाइएको छ। यस कार्यलाई आगामी आ.ब. मा थप प्रभावकारी वनाउँदै लगिनेछ। पर्यटन पूर्वाधारहरुको सन्दर्भमा विभिन्न जातजातीहरुको धार्मिक तथा सांस्कृतिक र प्राकृतिक सम्पदाहरुको संरक्षण र सम्वर्द्धन गर्दै लगिनेछ।जति सक्दो छोटो समय दुरीमा स्थानीय जनतामा यातायात सञ्जालको पहुँच पुर्याउने, नगरपालिकालाई पूर्ण वालविवाह मुक्त, पूर्ण खोप मुक्त, पूर्ण बालश्रम मुक्त र पूर्ण साक्षरयुक्त नगरपालिकाको रुपमा कायम राखी राख्ने गरी कार्यहरु भईरहेका छन्। नगरपालिकामा क्रियाशील रहेका गैर सरकारी संस्थाहरुलाई कार्य जिम्मेवारीमा दोहोरोपना नआउने र ति संस्थाहरुवाट सन्चालित क्रियाकलापहरु नतिजामूलक हुने गरी थप परिचालन र व्यवस्थित गर्दै जाने नीति यस नगरपालिकाले लिएको छ। नगरपालिकाले आफ्नै नगर दररेट तयार गरी योजना संचालन गरीनेछ।

यस नगरपालिकाले आगामी दिनहरुमा सनातनी सेवा प्रवाह गरेर मात्र हुँदैन, वरु सारवान रुपमै लोकतन्त्रका प्रतिफलहरुको न्याय, समता र समानतामा आधारित भई समुचित वितरण नागरीकहरुमा गर्नसक्नु पर्छ भन्ने नविन मान्यताका साथ यस विशिष्ट परिस्थितिमा हामीले सार्वजनिक सेवा प्रवाह र स्थानीय पूर्वाधार विकासका कार्यहरु उच्च मनोवलका साथ सम्पादन गर्ने जमर्को गरीरहेका छौं, यी पुनीत कार्यहरुमा नगरवासीहरुको प्रेरणादायी सहभागिता,

समन्वय एवं सहकार्य रही आएको सन्दर्भमा चन्द्रपुर नगरवासीहरुप्रति हार्दिक आभार व्यक्त गर्दछु र स्थानीय विकासका साझेदारहरुको रुपमा रहेका सहकारी सम्वन्धी संस्थाहरु, गैर सरकारी संस्थाहरु, निजी क्षेत्र एवं नागरीक समाजप्रति कृतज्ञ छु।

संयुक्त राष्ट्रसंघको विशिष्टिकृत संस्था UNICEF को आर्थिक सहयोगमा बहुक्षेत्रीय पोषण कार्यक्रमहरु कार्यान्वयन भएका छन, यसबाट नगरपालिका भित्रका लक्षित वर्गको पोषणस्थितिमा सुधार भएको महसुश गरेको छु। यस नगरपालिकाको विकासमा पोषण कार्यक्रम मार्फत सहयोग गर्ने संयुक्त राष्ट्रसंघको विशिष्टिकृत संस्था UNICEF वाट प्राप्त सहयोगप्रति चन्द्रपुर नगरवासीहरुको तर्फवाट हार्दिक आभार प्रकट गर्दछु।

**आदरणीय सभाध्यक्ष ज्यू,**

अव म चालु आर्थिक वर्ष २०७८/०७९ को वजेट कार्यन्वयनको जेष्ठ महिनासम्मको यथार्थ र आषाढ मसान्तसम्मको संशोधित अवस्था प्रस्तुत गर्ने अनुमति चाहान्छु।

चालु आर्थिक वर्ष २०७८/०७९ को जेष्ठ महिनासम्म नगर कार्यपालिकाको कार्यालयतर्फ ६४ करोड ७० लाख २० हजार ९४२ रुपैयाँ चालु तथा पुँजीगत खर्च भएको छ। विगतका वर्षहरुमा आम्दानी र खर्चवीच तादम्यता कायम हुन नसकी भुक्तानी दिन बाकीँ रहेको दायित्व सिर्जना भएकोले आगामी वर्ष वडा तथा विषयगत समितिको बजेट सीमा घटन गएको छ।

**आदरणीय सभाध्यक्षज्यू,**

अव म नगरपालिकाको समग्र विकासका लागि आगामी आर्थिक वर्ष २०७९/०८० को प्रस्तावित वजेट, नीति तथा कार्यक्रम, नगरपालिकाको दीर्घकालीन सोंच, नगरपालिकाको विकासका प्राथमिकताहरु, योजना तर्जुमाका आधारहरु र नगरपालिकाका समग्र नीतिहरुको सार-संक्षेप यहाँहरु समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु।

**दीर्घकालीन सोंच :**

चन्द्रपुर नगरपालिकाको, **"समृद्ध चन्द्रपुर नगरपालिका, स्वस्थ्य र सुखी नगरवासी"** मूल ध्येयले परिकल्पना गरेको **"कृषि, उद्योग, पर्यटन र पूर्वाधार : समावेशी दिगो विकास, चन्द्रपुर नगरपालिकाको मूल आधार"** भन्ने मर्मयूक्त विकासप्रेमी सोंच नै यस वजेट, नीति तथा कार्यक्रमहरुको दीर्घकालीन सोंच (Vision) रहनेछ। यसको लागि सम्पूर्ण नगरवासीहरुलाई नगर विकास तथा समृद्धिको मूल मार्गमा समाहित गर्दै अगाडि बढ्नु चन्द्रपुर नगरपालिकाको आजको मूल आवश्यकता रहेको छ।

**उद्देश्य :**

आर्थिक-सामाजिक रुपान्तरण सहित न्यायपूर्ण, समतायुक्त र समृद्दिमूलक चन्द्रपुर नगरपालिकाको निर्माणको दिगो विकासमा टेवा पुर्याउनु यस वजेट, नीति तथा कार्यक्रमको मुख्य उद्देश्य हुनेछ ।

**प्राथमिकताका क्षेत्रहरु :**

शिक्षा, स्वास्थ्य सम्वन्धी सूचकहरुमा सुधार,सहकारी तथा निजी क्षेत्रको भूमिकामा गुणात्मक सुधार, सूचना तथा प्रविधिको विकास, स्थानीय भौतिक पूर्वाधारहरुको निर्माण, कृषि, वन तथा वातावरण र पर्यटन क्षेत्रको विकास, मानवीय सूचकहरुको विकास र लैङगीकतामा आधारित न्यायपूर्ण र समतामूलक विकास नै यस वर्षको नगर विकास योजनाको प्रमुख प्राथमिकताका क्षेत्रहरु रहने छन् ।

**योजना तथा कार्यक्रम तर्जुमाका छनौटका आधार एवं मार्गदर्शनहरु :**

नेपालको संबिधान, २०७२ का राज्यका निर्देशक सिद्वान्त, नीति र दायित्व समेतका संवैधानिक प्रावधानहरु, संघीय र प्रदेश सरकारको चालु आवधिक योजना, राष्ट्रिय योजना आयोग र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयवाट प्राप्त नीतिगत मार्गनिर्देशनहरु, संघीय सरकारबाट प्राप्त वजेट सिलिङ्ग, संघीय सरकारवाट समय समयमा प्राप्त नीतिगत निर्देशनहरु, मधेश प्रदेश सरकारबाट प्राप्त नीतिगत मार्गनिर्देशनहरु र प्राप्त वजेट सिलिङ, मधेश प्रदेश सरकारबाट समय समयमा प्राप्त नीतिगत निर्देशनहरु, स्रोत अनुमान तथा बजेट सिलिङ्ग समिति, राजश्व परामर्श समिति, वडासभा, बिषयगत समितिहरु, नगर कार्यपालिकाका सदस्यज्यूहरुबाट प्राप्त सुझावहरु, चन्द्रपुर नगर सभाका सदस्यज्यूहरुबाट प्राप्त सुझावहरु, राजनैतिक दल, निजी क्षेत्र, सहकारी क्षेत्र समेतका नगर विकासका सरोकारवालाहरुवाट प्राप्त सुझावहरु, स्थानीय सरकार सञ्चालन ऐन, गत विगतका नगर सभाहरुवाट प्राप्त पृष्ठपोषणलाई यो नगरपालिकाको विकास योजना तर्जुमा गर्दा मार्गदर्शनको रुपमा अवलम्वन गरीएको व्यहोरा अनुरोध गर्दछु।

**आदरणीय सभाध्यक्षज्यू,**

अव म आगामी आर्थिक वर्ष २०७९/०८० का लागि नगरपालिकाका प्रमुख क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**<u>रोजगार सेवाकेन्द्र तर्फ</u>**

१. प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत नगरपालिका भित्रका बस्ती, स्वास्थ्य चौकी, विद्यालय, आर्थिक केन्द्र तथा पर्यटकीय स्थल जोड्ने सडक मर्मत सम्भार गरिनेछ ।

२. रोजगार सेवा केन्द्रमा सूचीकृत बेरोजगार व्यक्तिहरुका लागि युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना सञ्चालन तथा व्यवस्थापन गरिनेछ ।

३. नगरपालिका भित्रका सिंचाई कूलो, पैनी, पोखरी, झरना, पानीको मूल, खानेपानी आयोजनाहरुको संरक्षण तथा मर्मत संम्भार गरिनेछ ।

४ नगरपालिका भित्रका कृषि तथा पशुजन्य उत्पादनको भण्डारण तथा बिक्री वितरणका लागि आवश्यक पर्ने भण्डार गृह, शीत भण्डार, हाटबजार, तरकारी तथा फलफूल संकलन तथा बिक्री केन्द्रको मर्मत सम्भार गरिनेछ ।

५. सरकारी अस्पताल, स्वास्थ्य चौकी/केन्द्र,प्रसुती गृह, सार्ववनिक शौचालय, फोहर व्यवस्थापन पूर्वाधारको मर्मत सम्भार गरिनेछ ।

६. नगरपालिका भित्रका सरकारी विद्यालयका भवन, शौचालय, खानेपानीको धारा तथा खेल मैदानको मर्मत सम्भार गरिनेछ ।

७. नगरपालिका भित्रका सरकारी विद्यालय, सार्वजनिक स्थलहरुमा पुष्प वाटिका निर्माण, फलफूलका विरुवा रोपण, वृक्षारोपण वनजंगल संरक्षण बाढी तथा डुवान नियन्त्रण तथा सोको पूर्वाधार र साना बाँधको मर्मत सम्भार गरिनेछ ।

८. नगरपालिका भित्रका पदमार्ग पर्यटकीय क्षेत्र तथा सार्वजनिक स्थलहरुको मर्मत गरिनेछ ।

९. नगरपालिकामा रहेका बालबालिका जेष्ठ नागरिकको स्याहार, बालबालिकाको प्रारम्भिक शिक्षा तथा स्थानीय तहमा गरिने विभिन्न अभियान तथा सचेतताका क्रियाकलापहरु सञ्चालन गरिनेछ ।

१०. रोजगार सेवा केन्द्र अन्तर्गत रोजगार उपभोक्ता समिति गठन प्रक्रियालाई निरन्तरता दिइनेछ ।
११. वडा समितिको काम, कर्तव्य र अधिकार सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।
१२. रोजगार सेवा केन्द्रमा सूचीकृत बेरोजगारका लागि सीप विकास तालिम (अस्थायी रोजगारी प्लस) सञ्चालन गरिनेछ ।
१३. नगरपालिका भित्र सञ्चालित आयोजनाहरुमा खटिएका सूचीकृत बेरोजगारहरुको लागि सुरक्षाका आवश्यक सामग्री, आवश्यक निर्माण-मर्मत सामग्री तथा आवश्यक हाते औजारहरु स्थानीय तहको बार्षिक बजेटबाट खरिद गरी कार्यान्वयन गरिनेछ ।
१४. पारिश्रमिकमा आधारित सामुदायिक आयोजनाको अनुगमन मूल्याङ्कन स्थानीय निर्देशक समिति, वडा समिति तथा रोजगार सेवा केन्द्रले संयुक्त रुपमा गर्नेछ ।
१५. सूचना सञ्चारको माध्यमबाट रोजगार सेवाका कार्य विवरण साथै उपयोगी कार्यहरुलाई प्रसारण गरिनेछ ।
१६. रोजगार सेवा केन्द्रमा सूचीकृत बेरोजगार व्यक्तिहरुका लागि कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना सञ्चालन तथा व्यवस्थापन गरिनेछ ।
१७. नोवल कोरोना भाइरस (कोभिड १९) का कारण स्वदेश तथा विदेशमा रोजगारी गुमाएका बेरोजगार व्यक्तिहरुलाई मध्यनजर गरी युवा लक्षित कार्यक्रम सञ्चालन गरिनेछ ।

**सुरक्षित वैदेशिक रोजगार तर्फ**

१. वैदेशिक रोजगारीमा जान चाहने सम्भावित कामदारहरुलाई अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

२. वैदेशिक रोजगारीमा गई सीप तथा अनुभव हासिल गरेका युवाहरुलाई रिटर्नी स्वयम् सेवकका रुपमा परिचालन गरिनेछ ।

३. वित्तिय साक्षरता कार्यक्रमलाइ संचालनमा निरन्तरता दिइनेछ ।

४. वैदेशिक रोजगारीलाई सुरक्षित बनाउन बैदेशिक रोजगारी सम्बन्धी सूचना सामग्री उत्पादन, प्रशारण तथा प्रकाशन गरिनेछ ।

५. सुरक्षित बैदेशिक रोजगारी सम्बन्धी समुदायमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

६. सरोकारवालहरुसँगको अन्तरक्रिया तथा अभिमुखीकरण कार्यक्रम (प्रहरी, पत्रकार, स्थानीय जनप्रतिनिधि, समुदायका अगुवाहरुलाई आप्रवासनको असर तथा प्रभाव, कामदाररलाई सामाजिक बहिस्करण प्रभाव न्यूनीकरण) कार्यक्रम सञ्चालन गरिनेछ ।

७. वैदेशिक रोजगारीमा जान चाहने सम्भावित कामदारहरुलाई आवश्यकता अनुसार मनोसामाजिक परामर्श सेवा सञ्चालन गरिनेछ ।
८. वैदेशिक रोजगारीमा जान चाहने युवाहरुको तथ्यांक संकलन तथा अध्यावधिक गरी अभिलेखीकरण गरिनेछ ।
९. सुरक्षित आप्रवासन कार्यक्रमलाइ नगरपालिकाको प्रत्यक्ष निर्देशनमा सञ्चालन गरिनेछ ।

**पशु विकास तर्फः**

१. नेपाल सरकार संघीय नीति अनुसार कृषकलाई सेवा तथा पशु स्वास्थ्य तर्फ विभिन्न क्रियाकलाप गर्न एक वडा एक पशु सेवा प्राविधिक राखी सेवा संचालनको लागि स्थायित्व दिइनेछ ।
२. पशु पालन व्यवसायलाई जोखीम मुक्त गर्न कृषकलाई सहुलियत दिदै पशु बिमातर्फ उत्साहीत गर्न हाल सरकारले दिएको ८० प्रतिशत अनुदान र २० प्रतिशत कृषकले व्यहोर्नु पर्ने मध्ये १० प्रतिशत अनुदान सहयोग गरी पशु विमा कार्यलाई थप प्रोत्साहित गर्नको लागि सुरुवात गरिनेछ ।
३. पशु सेवा शाखालाई थप पशु रोग पहिचान गर्न Lab को लागि चाहिने सामग्री व्यवस्थापन गर्न जोड दिईनेछ ।
४. पशुपंक्षीको उत्पादन लागत घटाई कृषकलाई सहज तरिकाले पशुपालन गर्न उन्नत घाँसे खेती तथा घाससँग आधारित प्रविधिको विकाश गरिनेछ ।
५. पशु रोग नियन्त्रण गर्नको लागि पशुपंक्षिलाई चाहिने आवश्यक खोप व्यवस्थापन गरी संचालन गरीनेछ ।
६. गरीव तथा मध्यम वर्गीय कृषकहरुको लागि आय आर्जन विस्तार गर्न ग्रामिण कुखुरा विकास तथा वंगुर प्रवर्द्धन कार्यक्रमलाई जोड दिईनेछ ।
७. पशु स्वास्थ्य सेवा तर्फ कृषकहरुलाई सहज तरिकाले सेवा पुरयाउनको लागि पशुपंक्षी औषधि तथा परजीवि नियन्त्रण कार्यक्रम शाखा र सेवा केन्द्रबाट निःशुल्क प्रदान गर्न जोड दिईनेछ ।
८. कृषकको ज्ञान, सिप र प्रविधि विकास गर्नको लागि विभिन्न खाले तालिम, भ्रमण र गोष्ठी जस्ता कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
९. उपभोक्ता स्वास्थ्य सुधारलाइ मध्यनजर गर्दै व्यवस्थित मासु, माछा र दुग्ध जन्य पदार्थलाई व्यवस्थित विकी गर्न पसल सुधार कार्यक्रमलाई लागत सहभागिताबाट तयार गर्न जोड दिइनेछ ।
१०. व्यवसायीक पशु पालन व्यवसाय लाई जोड दिन र कृषकलाई पशुपालनमा उन्मुख भई आय आर्जन बृद्धि गर्न अनुदानको व्यवस्था मिलाइनेछ ।
११. पशु सेवामा आवद्ध सरकारी तथा गैर सरकारी संस्थाले पुरयाउदै आएको सेवा लाई थप सहभागी मुलक बनाउदै लगिनेछ ।
१२. गाई, भैसी, बाखा र बंगुरको पकेट क्षेत्र विस्तार गर्न सम्भाव्यता अध्ययन गरी सो सँग आवद्ध कार्यक्रम विकास गर्न जोड दिईनेछ ।
१३. पशुको नश्ल सुधारको लागि थप मिसन कार्यक्रममा जोड दिईने छ ।
१४. बैदेशिक रोजगारमा गएका तथा वैदेशिक रोजगारबाट फर्केका घरपरिवारका युवाहरुलाइ उन्नत पशुपालन व्यवसायमा आबद्ध गराइ आय आर्जनको विस्तार गरिनेछ ।

**पर्यटन प्रवर्द्धन विकास तर्फ**

१. चन्द्रपुर नगरपालिकामा रहेका मरधर सिमसार, कोटी होम, दुर्गा मन्दिर, विशेषवर महादेव, सहिद स्मृति पार्क, नुनथर, पौराई ब्रह्मस्थान, शिवमन्दिर, चतुर्भुजी मन्दिर, कृष्ण प्रणामी मन्दिर, गुप्तेश्वर महादेव, सर्वलिङ्गेश्वर महादेव मन्दिर, विन्दवासिनी मन्दिर, कालापानी पिकनिक क्षेत्र, तिलेश्वरनाथ, ब्रहमस्थान मठ मन्दिर, लक्ष्मी मन्दिर, कर्मा हिसे छोयोलिङ्ग गुम्बा, मस्जिद, चर्च लगायत अन्य मठमन्दिर तथा सार्वजनिक स्थानलाई व्यवस्थित गर्न पार्क निमार्ण कार्यमा जोड दिईनेछ ।

२. विभिन्न वडामा रहेको पार्क, पोखरी, मठ, मन्दिर निमार्णमा सुधार तथा मर्मत संम्भारमा जोड दिईनेछ।
३. विभिन्न पर्यटकीय क्षेत्र विकाश र पिकनिक स्पोर्ट निमार्ण तथा सुधार गरी आन्तरिक श्रोत संकलनको लागि जोड दिईनेछ।
४. जनचाहाना सामुदायिक बनभित्र पर्यापर्यटन कार्यक्रम संचालन गरिनेछ।

**<u>वन, वातावरण तथा विपद् व्यवस्थापनतर्फ :</u>**

१. नगरपालिका क्षेत्र भित्र वग्ने खोलाहरुको सरसफाईका लागि अभियान संचालन गरिने छ। साथै सार्वजनिक क्षेत्र खोलानालामा फोहर फ्याक्न तथा निकास पठाउन कडाइका साथ निषेध एवं दण्ड जरिवाना गरिनेछ।
२. श्रोत देखी नै फोहर वर्गीकरण गरी छुट्याउने कार्यलाई अनिवार्य गरिनेछ। ढलमा सेप्टी ट्याङकी मिसाउने कार्य गर्नेलाई नियमानुसार कार्वाहि गरिनेछ।
३. वातावरण मैत्री स्थानीय शासनको प्रारुप बमोजिम यस नगरपालिका वातावरणमैत्री नगर निर्माणका लागि नीति नियम बमोजिमको कार्यलाई तिव्रताका साथ अगाडि बढाईनेछ।
४. यस नगरपालिकालाई विषादीमुक्त नगरपालिका निर्माणमा जोड दिइनुका साथै अति प्रदुषण फैलाउने उद्योग कलकारखानहरुलाई निरुत्साहित गरिनेछ।
५. प्रत्येक वडाहरुमा रहेका पुराना पोखरीहरुको संरक्षण गरिनेछ।
६. सार्वजनिक शौचालयको निर्माण कार्य यथा शीघ्र सञ्चालन गरिनेछ।
७. विपदको अवस्थामा ततकाल उद्धारका लागि Rapid Response team निर्माण गरी आवश्यक सामग्रीहरु सहित सुरक्षित वासस्थानको व्यवस्थाको लागि बजेट व्यवस्था गरिनेछ
८. वन क्षेत्रमा जडिबुटि, आँप, लिची, कटहर, कागती, केरा जस्ता फलफुल तथा बेसार, अदुवा जस्ता नगदेवालीको खेती सामुदायिक वन उपभोक्ता मार्फत गर्न प्रोत्साहन गरिने छ।
९. सामुदायिक वन उपभोक्ता समितिहरुलाई सूचीकृतको प्रक्रिया अघि बढाइनेछ।
१०. विपद् व्यवस्थापनलाई प्रभावकारी र द्रुत बनाउनको लागि प्रत्येक वडामा उद्धार समितिको गठन गरी चालु आर्थिक वर्ष भित्रमा नै तालिम प्रदान गरिनेछ।
११. नमुनाको रुपमा नगरपालिकालाई प्लाष्टिक झोला मुक्त क्षेत्र घोषणा गर्नको लागि वैकल्पिक व्यवस्था गरिनेछ।
१२. मापदण्ड विपरितका प्लाष्टिक प्रयोगमा रोक लागाइनुका साथै प्लाष्टिक तथा रवरजन्य पदार्थ जथाभावी जलाउन निषेध गरी जथाभावी फोहर फ्याक्ने कार्यलाई न्यूनीकरण गरिनेछ।
१३. नगरपालिका तथा सवै वडाहरुमा विपद् व्यवस्थापन विषयमा सचेतना अभियान तालिमको व्यवस्थापन गरी विपद् व्यवस्थापन कोषमा रकमको व्यवस्था गरिनेछ।
१४. शुन्य खर्च फोहर व्यवस्थापन अभियान हाम्रो आगन हाम्रो कर्तव्य र नक्सापासमा २ (दुई) वटा फलफुलको विरुवा रोप्नु पर्ने अनिवार्यतालाई जोड दिइनेछ।
१५. नगरपालिका क्षेत्रमा इको स्यानिटेसन कार्यक्रमको लागि स्थान तोकी अध्ययन गरी प्रक्रिया अगाडि बढाइनेछ।
१६. सडक तथा हाटबजारमा सौर्यवत्ति अभियानलाई निरन्तरता दिइनेछ।
१७. बाढी तथा डुवान क्षेत्रको पहिचान गरी रोकथामका लागि आवश्यक कार्य गरिने छ।

१८. भौतिक संरचना वा भौतिक पुर्वाधार निर्माण प्रक्रियामा वातावरणलाई मध्यनजर गर्दै योजना कार्यक्रम छनौट गर्न प्रेरित गरिनेछ ।

१९. Bio- Engineering मा जोड दिई सडक, खोला, नहर तथा सार्वजनिक क्षेत्रमा वृक्षारोपण गरी हरियाली वातावरण सिर्जना गरिने छ ।

२०. वातावरण संरक्षणका लागि अन्य सरकारी निकाय र विकास साझेदारसँग समन्वय गरी कार्य अघि बढाइनेछ ।

२१. सरसफाई, हिलो र धुलो रहित सडक निर्माणमा ध्यान दिई गुणस्तर प्रविधिको उपयोग गरिनेछ ।

२२. वन कार्यालय तथा अन्य सम्बद्ध सरकारी तथा गैर सरकारी निकायहरुको साझेदारीमा नर्सरी स्थापना र विस्तार गरिनेछ ।

२३. आगामी ३ वर्षभित्र चन्द्रपुर नगरपालिकालाइ **"धुवाँ रहित नगरपालि"** घोषणा गर्न अति विपन्न र दलित वर्गलाइ २० प्रतिशत अनुदानको व्यवस्था मिलाइनेछ ।

२४. विपद् व्यवस्थापनका लागि जनस्तर तथा विद्यालय स्तरमा विपद सचेतना, उद्धारको अभ्यासको कार्यलाइ जोड दिइनेछ ।

२५. यस नगरपालिकाभित्र संचालनमा रहेका हाट बजारहरुमा सार्वजनिक शौचालयको व्यवस्था गरिनेछ ।

**कानून तर्जुमा तथा विधायन तर्फ**

१. नगरपालिकाले हाल सम्म प्रकाशन गरेका ऐन कानूनहरुको सङ्ग्रह प्रकाशन गर्ने व्यवस्था गरीने छ ।

२. नगरपालिकाको नीति योजना तथा कार्यक्रमलाई कार्यान्वयन गर्न आवश्यक ऐन, कानून, कार्यविधि, निर्देशिका तर्जुमा गरी जारी गरीनेछ ।

३. सूचना प्रविधिको प्रयोगबाट न्याय सम्पादनको कार्यलाई सरल, सहज र पहुँचयोग्य बनाइनेछ ।

४. मानब अधिकार, स्थानीय कार्ययोजनाको कार्यान्वयन प्रभाबकारी रुपमा गर्ने संस्थागत प्रबन्ध मिलाइनेछ ।

५. नगरपालिकाद्वारा जारी गरीएका स्थानीय कानूनहरुको आवश्यकता अनुसार संसोधन, परिमार्जन तथा एकीकरण गरीनेछ ।

६. संविधान तथा कानून बमोजिम स्थानीय तहलाई प्राप्त अधिकार कार्यान्वयन गर्न नयाँ कानुनी प्रवन्धहरुको तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

७. स्थानीय तहको न्याय सम्पादनको अनुभव आदानप्रदान गर्न नगरपालिकाको आयोजनामा न्यायिक समिति सम्मेलन आयोजना गरीनेछ ।

८. कानूनी परामर्शलाई वडास्तरसम्म विस्तार गर्न आवश्कताका आधारमा कानुनी परामर्श सेवा प्रदायक संस्थासंग प्रतिष्पर्धाको माध्यमबाट सेवा खरीद गरी जनताको कानुनी सेवामा सहजीकरण गरीनेछ ।

**कर्मचारी प्रशासन, जनशक्ति विकास तथा सुशासन तर्फ**

१. नगरपालिकाबाट प्रवाहित सेवा सुविधाहरु छिटो- छरितो र मितव्ययी ढङ्गबाट उपलब्ध गराउन निर्णय प्रक्रियालाई छोट्याइ प्रशासनिक संयन्त्रलाई थप सुदृढ गरीनेछ ।

२. खर्चको विवरण वेवसाइड मार्फत सार्वजनीकरण गरीने प्रणालीको विकास गरीने छ  भने आन्तरिक लेखा परीक्षणलाई प्रभावकारी बनाइने छ ।

३. आगामी आ.व.मा विभिन्न आयोजनामा छुट्याएको पुँजीगत खर्चको न्यूनत्तम ७०% रकम चैत्र मसान्त भित्रै खर्च गर्ने सुनिश्चिताका लागि नगरपालिकाको आन्तरिक नियन्त्रण परिचालन गरीने छ ।

४. योजना अनुगमनको वार्षिक कार्यतालिका र सूचक निर्माण गरी परिणाममुखी अनुगमनलाई प्राथामिकता दिइने छ । योजनाहरुको अनुगमन प्रणालीमा स्थानीय सरोकारवालाहरुको सहभागितालाई सुनिश्चित गरीने छ ।

५. राष्ट्रसेवक कर्मचारीहरुलाई कार्यसम्पादनमा स्पष्ट मापनयोग्य सूचक सहितको (कार्य सम्पादनमा आधारित प्रोतसाहन प्रणाली) निर्माण गरी कार्य गर्न प्रोत्साहित गर्ने र नगरपालिकामा उत्कृष्ट कार्य गर्ने कर्मचारीलाई पुरस्कृत गर्ने प्रणालीको विकास गरीने छ ।

६. नागरीक वडापत्रलाई समयानुकूल अद्यावधिक गरी स्तरीय बनाउन Digital प्रविधिको प्रयोगलाई निरन्तरता दिइनेछ ।

७. नगरपालिकाको सार्वजनिक श्रोत साधन र काम कारवाहीको कुशल व्यवस्थापन गरी नगरबासीले प्रत्यक्ष अनुभूत गर्ने गरी जवाफदेही, पारदर्शी, समावेशी, स्वच्छ र प्रविधिमैत्री बनाउदै सुशासनयुक्त बनाइनेछ ।

८. तालिम, अध्ययन भ्रमण, अभिमुखीकरणबाट ज्ञान, सीप र अनुभवको आदान-प्रदान गर्ने र सफल अभ्यासबाट सिक्ने परिपाटीको विकास गरीने छ ।

९. नगरपालिकाद्वारा बनेका कानूनका पूर्ण पालना गरी यस नगरपालिकालाई विधिको शासन कायम गर्ने एक नमूना नगरपालिकाको रुपमा विकास गरीनेछ ।

१०. सेवा प्रवाहलाई व्यवस्थापन गर्न थप जनशक्ति आवश्यक भएमा कर्मचारीको दरबन्दी किटान गरी आ.व. २०७९/८० भित्र संगठन तथा व्यवस्थापन (O&M survey) गरी नियमानुसार कर्मचारी व्यवस्थापन गरीनेछ ।

११. कर्मचारीको कार्य क्षमता बढाउन कर्मचारी मैत्री वातावरण, भौतिक श्रोत साधनको व्यवस्था, कर्मचारीको सेवाको सुरक्षा लगायतका विषयलाई व्यवस्थित गरीने छ ।

१२.सेवा प्रवाहलाई उत्तरदायी, पारदर्शी, जनमुखी बनाउन नागरीक समाज लगायत बहु सरोकारवालाहरुको सहभागिता बढाइने छ । सेवाग्राही सन्तुष्टी सर्वेक्षण गरी पृष्ठपोषण लिने पद्धति अवलम्वन गर्दै प्रविधि मैत्री बनाउन आवश्यक पहल गरीनेछ ।

१३. आर्थिक प्रशासनका क्रियाकलापहरु नतिजासँग आवद्ध गरी प्रभावकारी रुपमा आर्थिक अनुशासन कायम गरीनेछ । आन्तरिक लेखा परिक्षण, सार्वजनिक सुनुवाई र सामाजिक लेखा परीक्षण समेतलाई थप प्रभावकारी बनाइने छ ।

१४. "नगरवासीसँग मेयर र उपमेयर" सवांद कार्यक्रम मार्फत मासिक रुपमा नगरवासीको प्रत्यक्ष गुनासो सुनुवाई हुने व्यवस्था गरीने छ ।

१५. समय समयमा नगरपालिका र मातहतका कार्यालयका कर्मचारीहरुको सेवा प्रवाह प्रक्रियाको छड्के अनुगमन गरी प्रतिवेदन नगर कार्यपालिकामा पेश गरीनेछ ।

१६. नगरपालिकामा कार्यरत जनशक्तिलाई उत्प्रेरित तथा उच्च मनोबलका साथ कार्य सम्पादन गर्नका लागि आ.व. २०७९/८० देखि लागु हुने गरी यस नगरपालिका र अन्तर्गत कार्यरत कर्मचारीहरुको मनोबल उच्च बनाउन प्रोत्साहन भत्ताको व्यवस्था गरीने छ।

१७. कर्मचारीलाई आफ्नो कार्य जिम्मेवारी प्रति थप उत्तरदायी बनाउन र आचरणमा सकारात्मक परिवर्तन ल्याउन दण्ड र पुरस्कारको प्रभावकारी व्यवस्थापन गरीने छ।

१८. अन्तर सम्बन्धित विषयहरुमा नेपाल सरकार, प्रदेश सरकार र अन्य स्थानीय सरकार तथा जिल्ला समन्वय समितिसँग आवश्य समन्वय र सहकार्य गरीने छ।

१९.नगरपालिकाको काम कार्यवाहीलाइ व्यस्थित गर्न आगामी आर्थिक वर्षमा नगर प्रहरीको व्यवस्था गरीनेछ।

**<u>भौतिक पूर्वाधार तर्फ</u>**

- भौतिक पुर्वाधार निर्माण कार्यको गुणस्तर बढाउन **"भौतिक पूर्वाधार ल्याव"** संचालनमा ल्याइनेछ।
- नगर विकास कोष , विश्व बैंक बाट ऋण लिई सिटी हल, बस पार्क, आधुनिक हाटबजार व्यवस्थापन कार्यको निर्माणको पुर्व तयारी गरी कार्यान्यनमा ल्याइनेछ ।
- फोहोरमैला व्यवस्थापनको ल्याण्ड फिलिंग साईटको निर्माण कार्य अगाडि बढाइनेछ।
- ढल व्यवस्थापनको लागि सहरी विकास, खानेपानि तथा सरसफाई मन्त्रालयसँग सहकार्य गरी नाला निर्माण तथा फोहोर प्रशोधन गरीनेछ।
- विभिन्न सडकहरु, कुलोहरु र सार्वजनिक भवनहरुको मर्मत कार्य अगाडि बढाइनेछ।
- सन्तपुर देखि वसन्तपुर सम्मको कुलो निर्माण कार्यलाई निरन्तर्ता दिइनेछ।
- नेपाल सरकार कृषि विभाग को ५० प्रतिशत लागत साझेदारीमा चन्द्रपुर वडा न १० मा ५००० मेट्रिक टनको र वडा नं. २ जुडीबेलामा पनि खाद्य भण्डार निर्माण कार्य अगाडि बढाइनेछ।
- चन्द्रपुरमा चार्जिङ्ग स्टेसन निर्माण गर्न Innovative Partnership Fund मधेश प्रदेश सरकारको लागत साझेदारीमा आगामी आ.व. भित्र सम्पन्न गरीनेछ।
- आधुनिक तरिकाले मरधर सिमसार वातावरण संरक्षण कार्य गर्न Innovative Partnership Fund मधेश प्रदेश सरकारको लागत साझेदारीमा आगामी आर्थिक वर्ष भित्र सम्पन्न गरीनेछ।
- सिन्दुरेघारि, डावरी खानेपानी आयोजना, असनवा जुडीबेला खानेपानी आयोजनाको पुर्वाधार विकास गरीनेछ।
- Municipal Transport Master Plan (MTMP) यसै आर्थिक वर्ष भित्र तयार  गरीनेछ।
- सहरी विकास मन्त्रालयबाट स्वीकृत चन्द्रपुर नगरपालिका Smart City निर्माण गर्न जोड दिइनेछ।
- वस्तिपुर देखि सिन्दुरेघारी सडक, रैयां टोल देखि चिम्नि टोल जाने सडक निर्माण कार्य अगाडि बढाइनेछ ।

- तुलसीलाल अमात्य खेल मैदानमा रहेको ब्याडमिन्टन कोर्टलाई कबर्डहलको रुपमा विकास गरीनेछ, शेर बहादुर दर्लामी खेलकुद मैदान, वडा नं. ५ अस्पताल टोलमा ब्याटमिन्टन कोर्ट निर्माण र विभिन्न वडाका खेलमैदानहरुको पुर्वाधार विकास गरीनेछ।
- तिलेश्वर मन्दिर, कृष्ण मन्दिर-३, राधाकृष्ण मन्दिर -५, गुप्तेश्वर मन्दिर-६, शिव मन्दिर-९, कृष्ण मन्दिर-९ र नगरपालिका भित्रका अन्य मठ मन्दिरहरुको पुर्वाधार विकासमा जोड दिइनेछ।
- शहिद पार्क, कालापानी पार्क, डावरी पर्यटकीय स्थल र अन्य पार्कहरुको पुर्वाधार विकास गरीनेछ।
- Electronic-Building Permit System (E-BPS) को कार्यान्वयन गरीनेछ।
- झोलुंगे पुल निर्माण कार्यलाई अगाडी बढाइने छ।
- विद्युत पोल सार्ने, व्यवस्थित गर्ने कार्य गर्नुका साथै सडक बत्ती तथा सोलार बत्तीको जडान तथा मर्मत कार्य गरीनेछ।
- सडक निर्माण कार्य गर्नु पूर्व नाला निर्माणको लागि प्राथमिकता दिइनेछ।
- बागमती नदी र चाँदी नदीमा ड्याम निर्माण तथा सव दाह स्थल निर्माण कार्यलाई प्राथमिकता दिइनेछ।
- थारु सङ्ग्राहलय र विभिन्न जातजातीहरुको सङ्ग्राहलय निर्माण कार्यका लागि संघ र प्रदेश सरकारसँग समन्वय गरी अगाडि बढाइनेछ।
- चन्द्रपुर नगरपालिकाको मुख्य चोकमा सडक सुरक्षा तथा सुरक्षित चन्द्रपुरको लागि ANPR क्यामेरा तथा सि.सि.टी.भी. विथ राडर व्यवस्थापनको लागि जोड दिइनेछ।
- चुरे करिडोर अन्तर्गत पर्यटकीय प्रवर्द्धन कार्यका लागि नुनथर, पौराई, ब्रम्हस्थान, जंगे झरना हुदै हिले खोला कालापानी सम्म जोड्ने सडक सञ्जाल विस्तार कार्य गरीनेछ।
- अति विपन्न दलित बस्ती सुकुमवासी बस्तीको व्यवस्थापन गर्ने कार्य संघ र प्रदेश सरकारसँग समन्वय गरी अगाडी बढाइनेछ।
- नगरपालिकामा डुबानको समस्या समाधान गर्न पुरानो राजकुलो पूर्व पश्चिम राजमार्ग देखि बेल्डि नहरसम्म राजकुलो बनाइनेछ।
- जनज्योती माध्यमिक विद्यालय पछाडि रहेको राजकुलो माथि व्यवस्थित संरचना निर्माण गरी तरकारी तथा फलफुल बजारको व्यवस्थापन गरीनेछ।
- रौतहट र मकवानपुर जिल्ला जोड्ने सडक चन्द्रपुर वडा नं. २ फुलवारी-फाफरवारी सडक ट्र्याक खोल्न र सडक स्तरउन्नती गर्न संघ, प्रदेशसँग समन्वय गरिनेछ।

## (क) महिला तर्फ

१. नव निर्वाचित महिला जनप्रतिनिधिहरुलाई सविधानमा भएका हक अधिकार साथै मुलुकी ऐन र फौजदारी ऐनमा भएका व्यवस्थाहरु सम्बन्धी सचेतना मुलक कार्यक्रम संचालन गरिनेछ।

२. चन्द्रपुर नगरपालिकाभित्र रहेका उद्यमी महिलाहरुको पहिचान गरी उत्कृष्ट महिला उद्यमीलाई पुरस्कृत गरिनेछ।

३. एसिड आक्रमण, घरेलु हिशां तथा लैङ्गिक हिशां निराकरण गर्नको लागि लैङ्गिक हिशां विरुद्धको १६ दिने अभियान सगैं महिला-पुरुष (श्रीमान/श्रीमती लाई) समविकास कार्यक्रमलाइ निरन्तरता दिइनेछ।।

४. विद्यालय वाहिर रहेका किशोरीहरुलाई समुहमा आवद्ध गराई जीवन उपयोगी सीप विकास तथा क्षमता विकास कार्यक्रम संचालन गरिने छ।

५. महिलाहरुको निशुल्क स्वास्थ्य शिविर संचालन गरी महिलाहरु पाठेघरको मुखको क्यान्सर, आँङ खस्ने समस्यालाई न्यूनीकरण गरी स्वास्थ्य सेवालाई निरन्तरता दिइनेछ ।

६. महिला, बालबालिका ,जेष्ठ नागरिक तथा अपाङ्गताका राष्ट्रिय तथा अन्तराष्ट्रिय दिवशहरुलाई निरन्तरता दिइने छ।

७. महिलालाई सीपमूलक तालिम दिई आय आर्जनका क्रियाकलापमा सहभागी गराइनेछ। महिलाले संचालन गर्ने ब्यवसायका लागि सहकारी गठन, बीउपूँजी र ब्यबस्थापन तालिम प्रदान गर्ने ब्यवस्था मिलाइनेछ।

८. लैगिंक हिंसा निवारण कार्यविधिमा उल्लेख भए बमोजिम हिंसा प्रभावितलाई तत्काल राहत उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।

९. खुल्ला सिमानाका कारण महिला तथा किशोरीहरुलाई मानव बेचविखन तथा ओसारपसार नियन्त्रणका लागि सचेतनामूलक कार्यक्रमहरु संचालन गरिनेछ।

१०. लैङ्गिक हिंसाबाट पिडित महिला तथा किशोरी हरुका लागि नगरपालिकामा हेल्प डेक्सको स्थापना गरी न्यायिक प्रक्रिया सहज पारिनेछ।

११. लैगिक हिंसामा परेका महिला, बालबालिका, असहाय र सहयोगापेक्षी व्यक्तिहरुलाई उद्धार तथा व्यवस्थापन गर्नको लागि नगरपालिकामा पूर्नस्थापना केन्द्र निमार्ण गरी कार्यान्वयमा ल्याइनेछ ।

१२. लैङ्गिक हिसां निवारण कोषको रकममा थप बजेटको व्यवस्था गरी कार्यान्वयनमा ल्याइनेछ

१३. नगरपालिकामा रहेका अति विपन्न र पारिवारिक रुपबाट टाढा भएका एकल महिलाहरुको पहिचान गरी सीपमुलक कार्यलाई जोड दिदै उनीहरुलाई आत्मनिर्भर बनाउन सहयोग गरीनेछ ।

१४. आर्थिक रुपले विपन्न र सामाजिक रुपले पछाडि पारिएका महिलाहरुलाई विशेष प्राथमिकता दिदै आर्थिक सशक्तीकरण र सामाजिक रुपान्तरण गर्न जोड दिइनेछ।

## (ख) बालबालिका तर्फ

१. **"हाम्रा बालबालिका हाम्रो भविष्य"** भन्ने मान्यता अनुसार बालमैत्री शासन पद्धति अनुरुप वडा स्तरीय बाल संरक्षण समितिहरुलाई परिचालनमा जोड दिनुका साथै बालबालिका विरुद्ध हुने सबै प्रकारका हिंसा र शोषण निषेधको नीतिलाई निरन्तरता दिइनेछ।

२. बालक्लवहरुलाई सक्रिय बनाउन क्षमता विकास कार्यक्रममा समावेश गराइनेछ।

३. चन्द्रपुर नगरपालिकामा वाल हेल्पलाईनको व्यवस्था गरिनेछ।

४. नगरपालिकामा बालसंरक्षण, सम्वर्द्धन कोषलाई बालबालिकाको क्षेत्रमा काम गर्ने विभिन्न सघं सस्थाहरुसंग समन्वय गरी अझ बलियो बनाइनेछ।

५. बालश्रमिक बालबालिकाको पहिचान गरी बालश्रम मुक्त पालिका घोषणा गर्न अनुगमन कार्यक्रम कार्यान्वयनमा जोड दिदै बालश्रमिक बालबालिकाहरुलाई संरक्षण र घरपरिवारमा पुर्नमिलन गराउने कार्यलाई जोड दिइनेछ ।

६. बालबालिकाको अन्तरनिहित क्षमताको पहिचान गरी, हिंसा, शोषण, दुर्व्यवहार, दुर्व्यसनीमा परेका व्यक्तिलाई उत्प्रेरणा वढाउन विभिन्न शीर्षकमा बादविबाद, वक्तृत्वकला तथा निवन्ध लेखन प्रतियोगितात्मक कार्यक्रम संचालन गरिने छ ।

७. दलित तथा राज्यको मूलधारबाट पछाडि पारिएका वालवालिकाको हक सम्बन्धी, साथै जातिय छुवाछुत अन्त्यका लागि नगरभित्र दर्ता भएका बालक्लवहरु विच अन्तरक्रियात्मक कार्यक्रम संचालन गरिनेछ ।

८. विद्यालयहरुमा गुनासो पेटीकाको व्यवस्थापन गरी सो कार्यान्वयनका लागि बालक्लवलाई सक्रिय वनाइनेछ ।

९. बालविवाह मुक्त वडाहरुमा अनुगमनलाई निरन्तरता दिदै बाँकी वडाहरुमा बालविवाह मुक्त बनाउने कार्यक्रमलाई सक्रिय रुपमा संचालन गरिनेछ ।

१०. नगरपालिकामा पुर्ण बालश्रम मुक्त अभियान संचालन गरिनेछ ।

११. बालअधिकारको संरक्षणका लागि विभिन्न सन्देश मुलक पर्चा पम्पलेट सन्देश मुलक पत्रहरु छपाइ वितरण तथा सुचना प्रसारणलाई जोड दिइनेछ ।

१२. नगरका योजना तथा भवन निर्माणका कार्यहरुमा अनिवार्य बालमैत्री, अपाङ्गमैत्री संरचना बनाउन योजना शाखा, ठेकेदार तथा उपभोक्ता समितिलाई जिम्मेवार बनाइनेछ ।

१३. चन्द्रपुर नगरपालिका नगर कार्यपालिका भित्र रहेका माध्यामीक विद्यालय, आधारभुत विद्यालय, सहकारी संस्थामा आवद्ध वालवालिकालाई समेटेर बाल क्लव गठन तथा दर्ता प्रक्रिया साथै गठन भएका बालक्लवहरुलाई सक्रिय बनाई, वडा स्तरीय बालसञ्जाल र नगर स्तरीय बालसञ्जाल गठन प्रक्रियालाई निरन्तरता दिइनेछ ।

१४. माध्यामिक विद्यालयका किशोरीहरुका लागि आत्मरक्षा तालिम सञ्चालन गरिनेछ ।

१५. पारिवारिक जीविकोपार्जन सहयोग कार्यक्रम सञ्चालन गरिनेछ ।

## (ग) जेष्ठ नागरिक तर्फ

१. नगरपालिका भित्र रहेका अति विपन्न घर परिवारका ७५ वर्ष माथिका नागरिकहरुको स्वास्थ्यमा सुधार ल्याउन स्वास्थ्य शिविर कार्यक्रम संचालन गरिनेछ ।

२. चन्द्रपुर नगरपालिका भित्र रहेका ८५ वर्ष माथिका जेष्ठ नागरिकहरुलाई घर परिवारमा नै गएर सम्मान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

३. संस्कार र संस्कृतिबाट सिर्जित अवलम्वन योग्य व्यवहार, नैतिकता तथा सीप विकासको लागि (जेष्ठ नागरिक सीप अनुभव) चन्द्रपुर नगरपालिका भित्रका माध्यामिक विद्यालयहरुमा अन्तरपुस्ता सीप हस्तान्तरण कार्यक्रमलाइ निरन्तरता दिइनेछ ।

४. चन्द्रपुर नगरपालिकाको १० वटा वडामा जेष्ठ नागरिक दिवा भलाकुसारी चौतारी निर्माणलाई प्राथमिकता दिइनेछ ।

५. ६० वर्ष देखि माथिका सम्पुर्ण जेष्ठ नागरीकहरुलाई परिचय-पत्र वितरणलाई निरन्तरता दिइने छ ।

६. परिवारमा जेष्ठ सदस्य प्रति परिवार र अन्य सदस्यको जिम्मेवारी तथा दायित्व सुनिश्चत गर्न परिवारका सदस्यहरुलाई अभिमुखिकरण कार्यक्रम संचालन गरिनेछ ।

७. पारिवारिक आर्थिक कानुनी संरक्षणको माध्यमबाट जेष्ठ नागरीकको संरक्षण र प्रर्वद्धन गरिनेछ ।

## (घ) अपाङ्गता तर्फ

१. अपाङ्गता परिचय पत्र वितरणको कार्यलाई निरन्तरता दिइनेछ ।

२. अपाङ्गता भएका व्यक्तिहरुको अभिभावकलाई सचेतनामुलक तालिम कार्यक्रम संचालन गरिनेछ ।

३. अपाङ्गता भएका व्यक्तिहरुको पहिचान गरी फरक-फरक प्रकारका सीपमुलक कार्यक्रमहरु संचालन गरिनेछ ।

४. अपाङ्गता भएका व्यक्तिहरुको विशेष आवश्यकतालाई दृष्टिगत गरी सार्वजनिक स्थल तथा संरचनाहरु अपाङ्गमैत्री बनाउन विशेष पहल गरिनेछ ।

५. अपाङ्गता भएका व्याक्तिहरुको पहिचान गरी आवश्यकता अनुसारका सहायक सामाग्रीहरु वितरण गरिनेछ ।

६. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अपाङ्गता दिवसलाई निरन्तरता दिइनेछ ।

७. अपाङ्गताहरुको सम्मानको लागि सम्मानजनक शब्दहरुको पम्पलेट वनाई आम जनमानसमा वितरण गरिनेछ ।

८. सुनाइ तथा बोलाई सम्बन्धी अपाङ्गता भएका व्यक्तिहरुलाई सांकेतिक भाषा कक्षा संचालन गरी सांकेतिक भाषा सञ्चारमा सहजता ल्याइनेछ । अपाङ्गता सम्बन्धी ऐनमा भएका व्यवस्थालाई कार्यान्वयनमा ल्याउन सरोकारवालाहरु संग छलफल गरिनेछ ।

९. अपांगता सम्बन्धी विशेष कक्षा सञ्चालन भएका विद्यालयमा पाठ्यसामग्रीको पर्याप्तता, अपांगता भएका बालबालिकाको छात्रावासको मर्मत सम्भार, बसाइ तथा सुरक्षा सम्बन्धी आवश्यकताहरुको अनुगमन गरी आवश्यक व्यवस्था मिलाइनेछ ।

## सामाजिक विकास तर्फ

१. नगरपालिकामा **"मानवता, सामाजिक न्याय तथा सद्भावको शहर"** निर्माण गर्न जागरण अभियान सञ्चालन गरिने छ ।

२. नगर क्षेत्रभित्र रहेका श्रमिकहरुको आवश्यकता अनुसार क्षमता अभिबृद्धि गरिने छ ।

३. आर्थिक, सामाजिक,लैङ्गिक रुपमा पछाडि परेका महिला बालबालिका, दलित, ज्येष्ठ नागरिकहरुको स्वास्थ्य सुधारमा जोड दिईनेछ ।

४. सामाजिक परिचालनका माध्यमवाट गरिबी न्यूनीकरणका लागि कार्यक्रम सञ्चालन गर्दै यस क्षेत्रमा सरकारी तथा गैर सरकारी संघ संस्थाहरु बीच कार्यक्रम सञ्चालनमा समन्वय, सहकार्य तथा नियमन गर्दै विकास साझेदारका रुपमा रहेका गैर सरकारी संघ संस्थाको दर्ता/नवीकरण र गतिविधिहरुको कानुन बमोजिम नियमन गरिनेछ साथै नगर क्षेत्रभित्र अनुमती बिना सञ्चालनमा रहेका गैर सरकारी संघ संस्थालाई कानूनको दायरामा ल्याइनेछ ।

५. आदिवासी,जनजाति, अल्पसंख्यक, लोपोन्मुख, फरक क्षमता भएका व्यक्तिहरुलाई सहभागी हुने अवसर प्रदान गरी समग्र विकास प्रक्रियामा सबै वर्ग, क्षेत्र, तह, समुदायको योगदानलाई साझा प्रयासमा समाहित गर्ने नीति अवलम्बन गरिनेछ ।

६. तेस्रो लिङ्गी व्यक्तिहरुको समाजमा मर्यादित र व्यवस्थित जीवन यापनका लागि क्षमता विकास सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरी प्रोत्साहित गरिनेछ ।

७. सामाजिक सुरक्षा भत्ता र व्यक्तिगत घटनादर्ता वितरणका सम्पूर्ण कार्य प्रभावकारी बनाउन अनलाइन प्रणाली मार्फत सम्पन्न गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ ।

८. उपभोक्ता हित संरक्षण समितिको पुनर्गठन गरी कार्यान्वयनमा ल्याइनेछ ।

९. नगरवासी आम जनसमुदायको स्वास्थ्यलाई ध्यानमा राखी बजार अनुगमन प्रभावकारी बनाइनेछ । बजार अनुगमनबाट प्राप्त प्रतिवेदनलाई कार्यपालिकामा छलफल गरी आवश्यक कार्य अघि बढाइनेछ ।

१०. आ.व.२०७९/०८० मा गैरसरकारी संघ संस्थामा ३० प्रतिशत नगद साझेदारीमा योजना तथा कार्यक्रम सञ्चालन गर्ने गरी कार्य अघि बढाइनेछ ।

११. नगरपालिकाका सबै वडाहरुमा सामाजिक विकृति, विसंगति, लागु पदार्थ दुर्व्यसनी आदि नियन्त्रण गरी मानवता प्रवर्द्धनका लागि वडा कार्यालय, इलाका प्रहरी कार्यालय, मानव प्रवर्द्धनमा सक्रिय संघ संस्थाहरु बीच साझेदारी र सहकार्य गरी कार्य सञ्चालन गर्नमा जोड गरिनेछ ।

१२. मानसिक तथा बौद्धिक अपाङ्ग भएका व्यक्ति, दुर्ब्यशनी, कुष्ठरोग, HIV AIDS बाट संक्रमित भएकाहरुका लागि मनोपरामर्शको माध्यमबाट सीपमूलक तालिम आयोजनका गर्नुका साथै अपाङ्ग, कुष्ठरोग प्रतिको समाजिक दृष्टिकोणमा परिवर्तन ल्याउन विभिन्न सचेतनाका कार्यक्रम संचालन गरिने छ ।

१३. चन्द्रपुर नगरवासीको शरीर र मन स्वस्थ शान्त र आन्नदीत बनाउन योग ध्यान केन्द्रहरुको व्यवस्थापनमा जोड दिइनेछ ।

१४. सामुदायिक संघ संस्था र स्मृति प्रतिष्ठानहरुको व्यवस्थापन सुधारमा समन्वय र सहकार्य गरिनेछ ।

**स्वास्थ्य तर्फ**

१. यस नगरपालिका भित्र संचालनमा रहेको सरकारी, निजी तथा गैर सरकारी स्वास्थ्य संस्थाहरुको व्यवस्थापनको लागि आवश्यता बमोजिम स्वास्थ्य संस्था दर्ता, नविकरण, नियमन, अनुगमन तथा आवश्यक कार्यको लागी नगरपालिका स्तरको स्वास्थ्य सेवा ऐन तथा कार्यबिधि बनाई लागू गरिनेछ ।

२. यस चन्द्रपुर नगरपालिकाका सम्पूर्ण महिलाहरुको लागि स्वास्थ्य सेवामा पहुच पुरयाउन चन्द्रनिगाहपुर अस्पतालमा OPD टिकट निशुल्क गरिनेछ ।

३. प्रत्येक वडामा स्वास्थ्य संस्था राख्ने राष्ट्रिय नीति अनुरुप आ.व. २०७९/८० मा वडा नं. ४,६र१० मा आधारभुत स्वास्थ्य सेवा पु-याउने उद्देश्यले आधारभुत स्वास्थ्य संस्था स्थपना तथा वडा नं. ३,७र९ मा भएको समूदायिक शहरी स्वास्थ्य क्लीनिकहरु लाई निरन्तरता दिई आधारभुत स्वास्थ्य संस्थामा परिनत गर्न चाहीने आवश्यक पूर्वाधारको लागि पहल गरिनेछ ।

४. भौगोलिक दृष्टिकोणले स्वास्थ्य संस्थाबाट टाढा रहेको वडा नं.२, कलटोल, फूलवारी र वडा नं. १० को जनसमुदायलाई स्वास्थ्य सेवा प्रदान गर्ने उदेश्यले उपलब्ध रहेको स्वास्थ्य सेवा भवनमा सामुदायिक शहरी स्वास्थ्य क्लीनिक स्थपना गर्ने व्यवस्था मिलाइनेछ ।

**स्वास्थ्य शाखा तथा स्वास्थ्य संस्था सुद्धिकरण :**

१. नगरपालिकामा रहेको सबै स्वास्थ्य संस्थाहरुका नियमित सेवा प्रदान गर्ने उद्दृश्यले चाहिने आवश्याक औषधी तथा समाग्रीहरु को खरिद, भण्डारण तथा आपूर्तिमा नियमितता तथा प्रभावकारिता ल्याउन स्वास्थ्य शाखामा औषधी जन्य भण्डारण कक्ष(मेडिकल स्टोर)को व्यवस्थापन गरी E-LMIS System बाट कार्य संचालन गरिने छ ।

२. स्वास्थ्य शाखा तथा स्वास्थ्य संस्थाहरुमा अति आवश्यक प्रशासनीक कार्य संचालन तथा नियमित सेवा प्रदान गर्न सबै संस्थाहरुमा आवश्यक प्रशासनिक खर्चको प्रबन्ध गरिनेछ ।

३. कर्मचारीहरुको क्षमता अभिबृद्धि तथा स्वास्थ्य सम्बन्धि कार्यक्रम संचालन गर्न स्वास्थ्य शाखामा आवश्यक पर्ने सामग्री व्यवस्थापनमा जोड दिइनेछ ।

४. स्वच्छ खानेपानी तथा शौचालयको अभाव रहेको स्वास्थ्य संस्थाहरुमा सेवा प्रदायक र सेवाग्राहीहरुको लागि स्वच्छ खानेपानी तथा शौचालयको व्यवस्था मिलाईने छ ।

५ . स्वास्थ्य शाखा लगायत सबै स्वास्थ्य संस्थाहरुमा अविछिन्न रुपमा विद्युत र ईन्टरनेटको व्यवस्था मिलाई नियमित कार्यक्रम संचालन गरिनेछ ।

**सरुवा एवं महामारी रोग नियन्त्रण :**

१. COVID-19 लगायत अन्य महामारी गराउन सक्ने रोगहरु तथा अन्य स्वास्थ्य समस्याहरुको प्रभावकारी व्यवस्थापन गर्ने उद्देश्यले जगेडा फण्डको स्थपना गर्नुको साथै नगर स्तरीय RRT (Rapid Respnse Team) समूहलाई सक्रिय बनाई आवश्यकता बमोजिम परिचालन गरिने छ ।

२. औलो, कालाजार तथा डेगुं रोग नियन्त्रणका लागि आवश्यक जनचेतना मूलक कार्यक्रम संचालन गर्न निर्देशिका बमोजिम औषधी छर्कने कार्यक्रम, औषधी उपचार तथा प्रेशणको व्यवस्थापन गरिनेछ ।

३. बौलाहा कुकुरले टोकेको भ्याक्सिन तथा सर्पदंशको औषधी आपूर्तिमा निरन्तरता दिई नियमित रुपमा सेवा प्रदान गरिने छ ।

४. जनस्वास्थ्यको समस्यकाको रुपमा रहेको क्षयरोगलाई नेपाल सरकारले सन २०३० सम्म क्षयरोग अन्त्य गर्ने लक्ष्य रहेको हुनाले क्षयरोग मुक्त अभियान सफल पार्ने उदेश्यले नगरपालिका स्तर बाट उक्त अभियानमा सहयोग हुने समुदाय लक्षित तथा क्षयरोग बिरामी लक्षित कार्यक्रम निदान तथा उपचार संचालन गरिने छ ।

५. कुष्ठरोगका बिरामीहरुलाई खोज्ने उद्देश्यले कुष्ठरोग विरामीको पारिवारिक तथा छिमेकी सर्म्पक परिक्षण कार्यक्रम संचालन गरिने छ ।

६. स्थानीय स्वास्थ्य सेवा तथा स्वास्थ्य समस्याहरुको बारेमा स्थानीय रेडियो तथा एफ. एम. मार्फत स्वास्थ्य सन्देश तथा सूचना प्रवाह गरिनेछ ।

७. महामारी लगायत सरुवा रोग तथा अन्य स्वास्थ्य सम्बन्धि समस्याहरुको रोकथाम तथा नियन्त्रण गर्ने उद्देश्यले विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम संचालन गरिने छ ।

**मातृ तथा नवजात शिशु स्वास्थ्य सेवा :**

१. मातृ तथा नवजात शिशु कार्यक्रमलाई निरन्तरता दिई परिवार नियोजन लगायत सुरक्षित गर्भपतन सेवा कार्यक्रमलाई सुव्यवस्थित ढंगले संचालन गरिनेछ ।

२. नगरपालिका अन्तर्गतका सम्पूर्ण गर्भवती महिलाहरुको एकिन गरी लगत लिने तथा घर पहिचान गर्ने नीति आवलम्बन गरिनेछ ।

३. नगरपालिका अन्तर्गत रहेको स्वास्थ्य संस्थाहरु द्धारा गर्भवती तथा सुत्केरी महिलाहरुलाई नियमिति सेवा प्रदान गरी क्रमशः वडाहरुलाई पूर्ण ANC, PNC तथा घरमा शून्य प्रसुती गराउने वडा र  पालिका सुनिश्चित गरिनेछ ।

४. गर्भवती, सुत्केरी महिला तथा बालबालिकाहरुलाई कुपोषणबाट बचाँउने उद्देश्यले चन्द्रनिगाहपुर अस्पतालमा स्थपना भएको OTC Center पुनः सुचारी गर्ने, स्वास्थ्य चौकी म. डुमरिया, र स्वास्थ्य चौकी पौराईमा OTC Center बिस्तार गरी नयमित लेखाजोखाँ, उपचार तथा  व्यवस्थापन गर्ने नीति आवलम्बन गरिनेछ ।

५. नगरपालिकाको सबै गर्भवती महिलाहरुलाई सेवा प्रदान गर्न उद्देश्यले ग्रामिण Ulta-sound चेकजाँच कार्यक्रम लागु गरिनेछ ।

६. यस नगरपालिका अन्तर्गतका वडा नं. १ दीखि १०  सम्म रहेका प्रजनन उमेरका र उमेर ढल्केका महिलाहरुलाई लक्षित गरी स्तन र पाठेघरको मुखको क्यान्सर तथा आङ खस्ने समस्याको समयमै पहिचान तथा उचित व्यवस्थापन गर्न सबै वडामा शिविर संचालन गर्ने गरिनेछ ।

७. पूर्ण खोपको सुनिश्चितता एवं दिगोपन सम्बन्धि कार्यक्रमको निरन्तरता दिईनेछ ।

८. नगरपालिका अन्तर्गत संचालनमा रहेको बर्थिङ्ग सेन्टरहरुलाई सुद्धिकरण गर्न आधारभुत पूर्वाधारको व्यवस्थापन गरी नियमित, गुणस्तरयि सेवा प्रदान कार्यको नीति अवलम्बन गरिनेछ ।

९. मातृ तथा नवजात शिशु स्वास्थ्य सेवा कार्यक्रमहरुको नियमित अनुगमन तथा सुपरिवेक्षण गरिनेछ ।

१०. नगरपालिका अन्तर्गत संचालित सबै स्वास्थ्य संस्थाहरुबाट प्रवाह हुने promotive, Preventive, Curative तथा Rehabilitative स्वास्थ्य सेवाहरुलाई प्रवाभकारी तथा गुणस्तरीय गर्न न्युन्तम सेवा मापदण्ड कार्यन्वयनका लागि आवश्यक औजार, उपकरण तथा स्वास्थ्य सामाग्री  खरिद, मर्मत तथा व्यवस्थापन गर्ने र नेपाल सरकार द्धारा स्वीकृत औषधीको आपुर्ति नियमित रुपमा आपूर्ति गरिने व्यवस्था मिलाईनेछ ।

**महिला स्वास्थ्य स्यंम सेविका कार्यक्रम :**

१. महिला स्वास्थ्य स्यंम सेविकाहरुको सेवालाई उच्च सम्मान गर्दै मनोबल उच्च राख्न र महंगी बृद्धिलाई  मध्यनजर गरी प्रदान गर्दै आएको सेवा सुबिधामा बृद्धि गरी प्रभावकारी रुपमा महिला स्वास्थ्य कार्यक्रमको निरन्तरता दिईनेछ ।

२. महिला स्वास्थ्य स्यंम सेविकाहरुले मासिक रुपमा संचालन गर्दै आएको आमा समूहहरुको बैठक नियमित तथा प्रभावकारी बनाउन कम्तिमा खाजा बापतको रकम छुट्याई आमा समूहहरुको बैठकलाई सुद्धिकरण गरिनेछ ।

३. महिला स्वास्थ्य स्यंम सेविकाहरुको नियमित सेवा प्रवाहको लागि चाहिने आवश्यक सहयोगी समाग्रीहरुको आवश्यक व्यवस्था मिलाईनेछ ।

४. प्रभावकारी स्वास्थ्य सेवामा टेवा पुग्ने उदेश्यले महिला स्वास्थ्य स्यमं सेविका तथा स्वास्थ्य पेशाकर्मीहरुलाई स्वास्थ्य भ्रमणको व्यवस्था मिलाउने निति आवलम्बन गरिनेछ ।

५. नगरपालिका अन्तर्गत संचालित सबै स्वास्थ्य संस्थाहरुको स्वास्थ्य संस्था व्यवस्थापन संचालन समिति (HFMOC) का पदाधिकारीहरुलाई अभिमुखिकरण कार्यक्रम संचालन गरिने छ । यसको साथै कम्तिमा ३/३ महिनामा १ पटक बैठक बसी स्वास्थ्य  संस्थाको गतिबिधि तथा सेवाहरुको बारेमा छलफल गरी आवश्यक कार्ययोजना बनाई कार्यक्रम लागु गरिनेछ ।

१२.पालिका अन्तर्गत संचालित सबै स्वास्थ्य संस्थाहरुबाट प्रवाह हुने सेवाहरुको नियमित र प्रभावकारी रुपले अभिलेख तथा प्रतिवेदनका उद्देश्यले अभिलेख तथा प्रतिवेदनका फारम, फरमेट छपाई गरि आपूर्ति व्यवस्थापन  नियमित गरिनेछ ।

१३. अभिलेख तथा प्रतिवेदन सुद्धिकरणका उद्देश्यले  पालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरु बीच Cross Validation Programme संचालन गरिनेछ ।

१४. पालिकाको स्वास्थ्य सेवा र कार्यक्रमको  प्रभावकारी कार्यान्बयन तथा अपेक्षित लक्ष्य हासिल गर्ने उद्देश्यले स्वास्थ्य संस्था तथा पालिकाको तहमा मासिक बैठक र चौमासिक समिक्षाको व्यवस्था गरिनेछ ।

१५.पालिका सबै स्वास्थ्यकर्मीहरुलाई क्षमता अभिबृद्धि गर्ने उद्देश्यले समय अनुकुल तालिम , अभिमुखिकरण, रिफ्रेसर, Clinical Update जस्ता क्रियाकलापहरु संचालन गरिनेछ ।

१६. निःशुल्क आधारभुत तथा आकस्मिक स्वास्थ्य सेवा नियमित प्रदानकोको लागि चाहिने आवश्यक औजार उपकरण,औषधी खरिद तथा सर्जिकल सामग्री संघिय सशर्त बजेटमा छुट्याएको रकमकाट १२ महिनाको लागि प्रयाप्त नरहेकोले नगरपालिकाबाट थप आवश्यक बजेटको व्यवस्थापन गरी १२ महिना सम्म  नियमित, गुणस्तरीय र प्रभावकारी सेवा प्रदान गर्ने  नीति आवलम्बन गरिनेछ ।

१७.नगरपालिकाको वडा नं. १ देखि १० वडाहरुमा नेपाल सरकार तथा यस नगरपालिकाबाट प्रदान गरिने सेवाहरुको बारेमा सम्पूर्ण स्वास्थ्य संस्थाहरुमा नागरिक वडापत्र राख्ने तथा बस्ती बस्तीमा स्वास्थ्य सेवा  सम्बन्धि जनचेतना मूलक कार्यक्रम संचालन गरिनेछ ।

१८. जेष्ठ नागरिक, अशक्त अपागं, दिर्घरोगी तथा पिछिडिइको वर्गहरुलाई लक्षित गरी चिकित्सकको पूर्जीमा लेखिएका निःशुल्क बाहेकका औषधीहरु नियमित सेवनको लागि उक्त व्यक्तिहरुको एकिन गरी नगरपालिका तथा वडा मार्फत बिमा गराई नियमित औषधी सेवन गर्ने  नीति आवलम्बन गरिनेछ ।

१९. यस नगरपालिका सबै वडाहरुमा प्रजनन उमेरका माहलाहरुलाई प्रजनन अगंको सक्रमणबाट बचाउने उदेश्यले महिला सामुदायिक स्वास्थ्य स्यमं सेविका मार्फत सेनेटरी पैड बितरण गर्ने नीति आवलम्बन गरिनेछ ।

२०.यस नगरपालिका सबै स्वास्थ्य संस्थाहरुबाट ल्याब सहितको स्वास्थ्य सेवा प्रदान गर्न स्वास्थ्य संस्थाहरुमा क्रमशः प्रयोगशाला स्थपना गर्दै लैजाने नीति आवलम्बन गरिनेछ ।

२१. संचालनमा रहेको सबै स्वास्थ्य संस्थाहरुको भौतिक अवस्थाको मर्मत संम्भार तथा चालु आ.व.मा निर्माणाधिन रहेका भवनको निर्माण  कार्यलाई निरन्तरता दिईनेछ ।

२२. ट्रमा सेन्टर निर्माण तथा व्यवस्थापनका लागि वडा नं. १० मा जग्गा उपलब्ध भएको तथा DPR समेत तयार भइ सकेकोले निर्माण कार्य अगाडी बढाउनुको साथै आवश्यक बजेट व्यवस्थापनको लागि संघिय सरकार र प्रदेश सरकार तथा अन्य स्थानिय तहसंग सहयोगको लागि आवश्यक पहल गरिनेछ ।

**चन्द्रनिगाहपुर अस्पताल**

क. अस्पतालमा संचालित बर्थिगं सेन्टर, BEONC Site ( Basic  Emergency Obstetrics and Neonatal Care ) संचालनमा आाश्यक औजार उपकरण, औषधी, जनशक्तिको व्यवस्थापन र पूर्वाधारको सुनिश्चत गरी गुणस्तरीय सेवा संचालनको व्यवस्था मिलाइने छ ।

ख. CEONC ( Comprehenssive Emegency Obstetrics and Neonatal Care) सेवा संचालनका लागि आाश्यक औजार उपकरण, औषधी, जनशक्तिको व्यवस्था र पूर्वाधारको व्यवस्थापन गरी नियमित रुपमा CEONC सेवा संचालनको व्यवस्था मिलाइने छ ।

ग. अस्पतालमा रहेको बिभिन्न शाखाहरु ल्याब, ईमरजेन्सी, रेडियोलाजी, , फार्मोसी,लगायत नियमित सेवाहरुलाई प्रभावकारी र गुणस्तरीय सेवा प्रदान गर्ने उदेश्यले अति आवश्यक औजार उपकरण तथा औषधी, दक्ष जनशक्ति व्यवस्थापन गरी सुद्धिकरण गरिने छ ।

घ. अस्पतालबाट प्रदान गर्ने सेवाहरुलाई सर्व सुलभ तरिकाबाट प्रवाह गर्न सहयोग हुने गरी Central E- Billing System, र C. C. TV जडान गर्ने निति अबलम्बन गरिने छ ।

ङ अस्पताल सेवा संचालनमा प्रयोग हुने उपकरणको लागि चाहिने आवश्यक बिधुत्त सप्लाई गर्न क्षतता अनुसारको Transfermer जडान गर्ने ब्यवस्था मिलाइने छ ।

च. बिमा सेवालाई सुद्धिकरण गरी प्रभावकारी र गुणस्तरीय सेवा प्रदान गर्ने सुनिश्चता गरिने छ ।

छ. चन्द्रनिगाहपुर अस्पतालमा हाल संचालनमा रहेको शव गृह वैज्ञानिक बिधिद्धारा निर्माण नभएकोले नयाँ शव गृह वैज्ञानिक बिधिद्धारा निर्माणको लागि बजेटको ब्यवस्थापन गरिनेछ ।

ज.अस्पतालको जिर्ण भवनलाई विस्थापन गर्न नयाँ भवनको लागि DPR तयार गरी आवश्यक बजेट व्यवस्थापनको लागि संघिय सरकार र प्रदेश सरकार संग सहयोगको लागि आवश्यक पहल गरिने छ ।

झ. सुबिधा सम्पन्न ( आधुनिक ) एम्बुलेन्स र शव वाहनको ब्यवस्थापन गर्ने निति अबलम्बन गरिने छ ।

ञ. नेपाल रेडक्रस संग समन्वय गरी यस नगरपालिकामा Blood Bank स्थपना गर्ने ब्यवस्था मिलाइने छ ।

त. चन्द्रनिगाहपुर अस्पताल तथा अन्य स्वास्थ्य संस्थामा एमबुलेन्स व्यवस्थाको लागि अन्य निकायसँग समन्वय गरि व्यवस्थापन गरिनेछ ।

**<u>बिधालय स्वास्थ्य नर्स</u>**

क. विधालय स्वास्थ्य नर्सको कार्य बिबरण अनुसार परिचालन गर्ने गर्ने निति अबलम्बन गरिने छ ।

ख. विधालय नर्सको कार्यलाई प्रभावकारी बनाउन तथा विधार्थीहरुलाई आवश्यक स्वास्थ्य सेवा प्रदान गर्न औजार उपकरण, औषधी, र छुटै कार्य कक्षको ब्यवस्था मिलाईने छ ।

ग. विधालय स्वास्थ्य नर्सहरुलाई उच्च मनोबलको साथ काम गर्न पोशाक भत्ता र चाडबाड खर्च उपलब्ध गराउने निति अबलम्बन गरिने छ ।

घ. विधालयहरुमा स्वास्थ्य शिक्षा र सरसफाई कार्यलाई प्रभावकारी रुपमा संचालनमा ल्याई फोहरको उचित ब्यवस्थापन गर्ने ब्यवस्था मिलाईने छ ।

ङ विधालय नर्सहरुद्धारा संचालित कार्यहरुलाई School Health Information System मार्फत अभिलेख तथा प्रतिवेदन गर्नुपर्ने भएकोले १।१ थान ल्यापटपको ब्यवस्था गराउने निति अबलम्बन गरिने छ ।

२५.आ.व. २०७९/८० लाई स्वास्थ्य सेवा सुद्धिकरण वर्षको रुपमा लिई स्वास्थ्य कार्यक्रमका लागि राष्ट्रिय स्वास्थ्य नीतिको अवलम्वन गरि कुल बजेटको कम्तिमा १० प्रतिशत छुट्याई स्वास्थ्य सेवा प्रदान गर्न अति आवश्यक क्रियाकलापहरुको योजना बनाई कार्यन्वयन गर्न प्रभावकारी बजेट बितरण प्रणालीको लागि पहल गरिने छ ।

**<u>शिक्षा तर्फ</u>**

१. प्रारम्भिक बाल विकास कक्षा र बाल विकास केन्द्रमा वालमैत्री तथा सुरक्षाशयन सहित ,खेल ,पोषण , आवश्यक पुर्वाधारको विकास गर्ने तथा बाल विकास सहजकर्तालाई पेसागत तालिम दिइनेछ ।

२. प्रारम्भिक बाल विकास कक्षा देखि बालबालिकाको सर्वाङ्गिण विकासमा टेवा पुग्ने खालका सम्म 12 सन्दर्भिक साम्रगीको वितरण ,खेलकुद साम्रगीगरी उचित व्यवस्थापन मिलाइनेछ ।

३. बाल विकास केन्द्र ,.अ.आधारभूत र माध्यमिक विद्यालयका प्र ,विसदस्यहरुलाई ,अध्यक्ष .स.व्य. शैक्षिक सुशासन कायम गर्न अभिमुखिकरण तालिम तथा अभिभावकहरुलाई बालबालिकाहरुको सर्वाङ्गिण विकासमा सहयोग गर्ने अभिभावक शिक्षा कार्यक्रम संचालन र व्यवस्थापन गरीनेछ ।

४. नगरभित्र संचालित विद्यालयहरको स्तरोउन्नती गर्न आधुनिक सुविधा सम्पन्न कक्षाकोठाको व्यवस्थापन , गर्न आवश्यक शैक्षिक सामग्रीको व्यवस्थापन मिलाइनेछ प्रविधियुक्त शिक्षण सिकाइ क्रियाकलाप संचालन ।

५. नगरभित्र संचालित विद्यालयहरको शैक्षिक तथ्याङ्क संकलनप्रशोधन तथ ,ा आवश्यक सूचना प्रवाह गर्न IEMIS सम्बन्धि तालिम र कम्प्युटर तालिम संचालित संचालन गरी शैक्षिक सुशासन कायम गरीनेछ ।

६. नगरपलिका भित्र संचालित विद्यालयहरुको भौतिकआर्थिक तथा प्रशासनिक सम्पूर्ण ,शैक्षणिक , र मूल्याङ्कन गर्न नगर स्तरीय ,निरीक्षण ,पक्षहरुको अनुगमनविद्यालय निरीक्षण तथा अनुगमन समिति गठन गर्ने र विद्यार्थी भर्नाका पदाधिकारी .स.व्य.वि ,संस्थागत विद्यालय शुल्क निर्धारण गर्न ,पठनपाठन , भावकहरु संगको अन्तरक्रियाको उचित व्यवस्थापनअभिगरी नेछ ।

७. शिक्षकहरुको दरवन्दी मिलानपदस्थापन गर्न नगर शिक्षा ऐन तथ ,सरुवा ,ा नियमावली नगरसभाबाट पास गर्ने र स्थानीय सरकार संचालन ऐन वमोजिमको अधिकारहरु प्रयोग गर्न आवश्यक कार्यविधी र निर्देशिकाहरु बनाइनेछ ।

८. नगरभित्रका गरीवजेहेन्दार विद्यार्थीहरुलाई विद्यालय शिक्षा तथा उच्च शिक्षामा निश्चित मापदण्डको , आधारमा निःशुल्क शिक्षाको व्यवस्था मिलाउन छात्रवृत्तिको व्यवस्था र चिश्चित वस्तीका दलित ,विपन्न , इरेजर वितरण गर्ने व्यवस्था मिलाइनेछ । ,पेन्सिल ,कलम ,वर्गलाई कपि

९. नगरभित्रका विद्यालय शिक्षा प्राप्त गर्न अवसर नपाएका किशोर किशोरीहरुलाई किशोरी शिक्षा संचालन गरी विद्यालयमा भर्ना गर्ने व्यवस्था मिलाइनेछ ।

१०. शिक्षायुवा तथा खेलकुद शाखाको संस्थागत क्षमता विकास गर्न आधुनिक प्रविधियुक्त उपकरणको , र पुस्तकालयको स्थापना जडान गरी अनुगमन प्रणाली सुदृढ गर्नेगरी नेछ ।
नगरभित्र अभ्ययनरत विद्यार्थीहरुलाई लागुपदार्थको दुव्यसनीवाट जोगाउन लागु औषधको कार्यक्रम संचालन गरीनेछ ।

११. विद्यालयमा रहको BLACK Board बिस्थापित गरि डिजिटल बोर्ड राख्न प्रत्येक वडामा १ वटा विद्यालयमा वडा कार्यालयले छनौट गरे अनुसार डिजिटल बोर्ड राखिनेछ ।

१२. नगरपालिकाको शिक्षाको गुणस्तर सुधार गर्न जनज्योती बहुमुखी क्याम्पसको लागि बसको व्यवस्था मिलाइनेछ ।

## खानेपानी तर्फको

१. स्वच्छ र सफा खानेपानी चन्द्रपुर नगरपालिकाका वासिन्दालाई स्वच्छ र सफा खानेपानी उपलब्ध गराउन स्थापित खानेपानी उपभोक्ता समितिहरुसँग सहकार्य एवं समन्वय गरिनेछ

२. आगामी ३ वर्षभित्र नगरपालिकाका सबै घरधुरीमा एक धारा मार्फत सुरक्षित पानी पुरयाइनेछ ।

**कृषि सेवा तर्फ**

१) प्रत्येक वडा कार्यालय मार्फत कृषि प्रसार कार्यक्रम तथा सेवा सुविधा प्रवाहको लागि एक वडा एक कृषि प्राविधिकको व्यवस्थापन गरिनेछ ।

२) **"कृषकहरुलाई सम्मान तथा वर्गीकरण सहितको कृषक पहिचान"** चन्द्रपुर भित्र रहेका कृषकहरुको वर्गीकरण गरि पहिचान सहितको **किसान परिचय पत्र** वितरण गरिनेछ र कृषक वर्गीकरणको आधारमा साना, मझौला र ठूला कृषकहरुलाई लक्षित गरि छुट्टाछुट्टै कार्यक्रम कार्यान्वयनमा ल्याइनेछ । तथा सेवा प्रवाहलाई डिजिटलाईजेशन गरिनेछ ।

३) संघ,प्रदेश, स्थानीय तह तथा विभिन्न संघ सस्थासंग समन्वय गरि **कष्टम हायरिङ्ग** सेन्टरको अवधारणालाई बढवा दिईनेछ ।

४) बालीनालीको जोखिम न्यूनिकरणको लागि व्यवसायिक सवै बाली र सवै कृषकलाई बाली विमा कार्यक्रम अभियानको रुपमा संचालन गरिनेछ ।

५) संघ,प्रदेश,स्थानीय तह तथा विभिन्न संघ सस्थासंग समन्वय तथा साझेदारी गरि **प्रंगारिक मल उत्पादन करखाना निर्माण** गर्ने योजना ल्याइनेछ ।

६) रासायनिक मलखाद तथा विषादीको प्रयोगमा कमी ल्याउन भकारो सुधार, पशुमुत्र संकलन, प्राँगारिक मल, भर्मी कम्पोष्ट, जैविक मल, बानस्पतिक/जैविक विषादीको प्रयोग गर्न कृषकलाई प्रोत्साहन गरिनेछ ।

७) रसायनिक मलको साथसाथै दिगो कृषि विकास तथा स्थानीय स्रोत साधनको प्रयोग जस्ता योजनामा जोड दिइनेछ ।

८) उत्पादक, व्यपारी,प्रसोधनकर्ता र उपयोगताहरुको सम्बन्धलाई व्यवस्थापन गरिनेछ ।

९) रैथाने बाली वा स्थानीय बालीहरुको **कोसेली घरको** रुपमा नमूना कृषि पर्यटकीय स्थल निर्माण गरिनेछ ।

१०) भण्डारण गृह स्थापना गरि सेवा प्रबाह गरिनेछ ।

११) रसायनिक विषादी तथा मलको विकल्पमा स्थानीय/जैविक विषादी तथा मलको प्रयोगलाई बढवा दिईनेछ ।

१२) चैते धान तथा रैथाने खेती गर्ने कृषकलाई प्रति कठ्ठ खेती गरेको अधारमा प्रोत्साहन गरिनेछ

१३) बेमौसमी तथा मैसमी तरकारी खेतीको लागि प्रोत्साहन तथा अनुदानको कार्यक्रम गरिनेछ

१४) कसैले पनि जग्गा नराखौ खाली, सवैतिर बनाउँ हरियाली" भन्ने नराका साथ एक घर ५वटा फलफुलको विरुवा लगाउने कार्यक्रमलाई जोड दिईनेछ ।

१५) प्रत्येक वडाको राज कुलोहरुको स्तर उन्न्ती ,डिप वोरिङ्ग जडान तथा सिचाई क्षेत्र विस्तारका कार्यहरु गरिनेछ ।

१६) सबै कृषकलाई गुण्स्तरिय मल,विउ तथा विषादीमा पहुच बढाईनेछ ।

१७) नगर स्तरीय १ वटा संकलन केन्द् स्थापना गरिनेछ ।

१८) एग्रोभेटहरुको नियमन तथा क्षमता अभिबृद्धि जस्ता कार्य गरिनेछ ।

१९) यूवा स्वरोजगार,मागमा अधारित तथा विदेशवाट फर्केकाहरुको लागि विषेश योजना ल्याईनेछ ।

२०) उत्कृष्ट कृषक,सहकारी,एग्रोभेटहरुलाई पुरस्कार तथा सम्मान जस्ता कार्य गरिनेछ

२१) संघ, प्रदेश, स्थानीय तह र विभिन्न संघ सस्थाबाट संचालन गरिने कृषि विकासका कार्यक्रमलाई दोहोरोपना हुन नदिन समन्वय र सहकार्यलाई प्रभावकारी बनाउदै एकद्धार प्रणालीलाई अपनाउन पहल गरिनेछ।

२२) कृषकहरुको समय सापेक्ष ज्ञान, सीप र क्षमता अभिवृद्धि गर्न सचेतनामूलक तालिम/भ्रमण/गोष्ठी कार्यक्रम संचालन गरिनेछ ।

२३) कृषि बालीहरुमा उत्पादन सामाग्रीको प्रयोग, उत्पादन लागत खर्च र आम्दानीको यथार्थ तथ्यांक राख्ने व्यवस्थाको लागि हरेक कृषक परिवारलाई किसान डायरी तथा कृषि मैसमी क्यालेन्डर वितरण गरिनेछ ।

२४) नगरपालिकामा कार्यरत कृषि प्राविधिकहरुको क्षमता अभिवृद्धि गर्न कृषि अनुसन्धान, कृषि शिक्षा र कृषि प्रसार क्षेत्रमा कार्यरत अनुभवी विषय विशेषज्ञद्धारा तालिम/गोष्ठी/भ्रमण लगायतका कार्यक्रमहरु संचालन गरिनेछ ।

२५) कृषि प्रसार तथा प्राविधिक सेवा प्रवाह गर्न कृषि मेला प्रदर्शनी, कृषक दिवस, कृषक पाठशाला, प्रतियोगिता, परिक्षण प्रदर्शन, बाली उपचार शिविर, विभिन्न विषयगत दिवस तालिम, गोष्ठी, भ्रमण लगायतका कार्यक्रमहरु संचालन गरिनेछ ।

२६) कृषकहरुले अनुसरण गरेको सफल प्रविधि, अनुसन्धानबाट प्रमाणित भएका नयाँ प्रविधि, कृषकको सफलताको कथा लगायतका सामाग्रीहरु तयारी, प्रकाशन र प्रसारणका लागि कृषि संचार कार्यक्रम अन्तर्गत रेडियो कृषि कार्यक्रम, डकुमेन्ट्री निर्माण, टेलिभिजन, पत्रपत्रिका, बुलेटिन प्रकाशन कार्यक्रम संचालन गरिनेछ ।

२७) संघ र प्रदेश सरकारको सहयोग र समन्वयमा विभिन्न बाली हरुको (खाद्यान्न, रैथाने, दलहन, तेलहन, तरकारी, फलफूल, मसलाजन्य च्याउ, मौरी आदि) उत्पादन प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ ।

२८) कृषि समूहलाई सक्रिय बनाई राख्न कृषक समूहलाई लक्षित गरि प्रोत्साहन अनुदानको कार्यक्रम लागु गरिनेछ ।

२९) नगरको कृषि विकास शाखाको जीर्ण भवनको ठाउमा संघ, प्रदेश, स्थानीय सरकार, परियोजना तथा विभिन्न संघ सस्थाहरुको साझेदारीमा सिकाई केन्द्र/तालिम हल सहितको २ तल्ले शाखा कार्यालय भवन निर्माण गरिनेछ ।

३०) खेर गई रहेको प्रत्येक वडामा एक एक वटा प्रागारिक मल उत्पादन गर्ने स्रोत केन्द्र स्थापना गरिनेछ ।

३१) माटो परिक्षण शिविर संचालन गरि माटो सुधारको कार्यलाई विशेष योजना गरिनेछ ।

३२) सुनौला १००० दिनका आमाहरुलाई तथा कुपोषणको जोखिममा परेकाहरुलाई विशेष पोषण सुधारको कार्यहरु गरिनेछ ।

३३) सामुदायिक वन तथा साझेदारी वनमा भएको पर्ती जग्गालाई व्यवस्थापान गरि जडिबुटि खेती, फलफुल खेती तथा  अन्तर बाली जस्ता विशेष योजनाहरु गरिनेछ ।

३४) सबै वडामा सिचाइ सुविधा उपलब्ध गराउन डिप बोरिगं, राज कुलो, पैनी सुधार गरिनेछ

## सूचना, संचार तथा प्रविधि

१. नगरपालिकाको सेवा, सुविधा, नीति, नियम, सूचना तथा गतिविधिहरु सबै नागरिकको पहुँचमा पुऱ्याउन डिजीटल सोधपुछ कक्ष, गुनासो कक्ष, डिजीटल सूचना पाटी, डिजीटल नागरिक बडापत्रको व्यवस्थापन गरिनेछ ।

२. नगरपालिका तथा वडा कार्यालयहरुमा हस्तलिखित रुपमा संचालन गरिने कार्यहरुलाई प्रविधिको उपयोग गरी विस्थापित गर्दै, सबै कर्मचारी तथा जनप्रतिनिधीहरुलाई तालिमको व्यवस्था गरिनेछ ।

३. राज्यको चौथो अंगको रुपमा रहेको सञ्चार क्षेत्रको विकास र सम्बर्द्धनको लागि जोड दिइनेछ।

४. वडा कार्यालयबाट उठाउने करलाई पारदर्शी बनाउनको लागि ***एकिकृत कर संकलन प्रणाली*** सफ्टवेयरको प्रयोगलाइ प्रभावकारी बनाउन आगामी आर्थिक वर्ष देखि Online Payment को व्यवस्था मिलाइनेछ ।

५. नगरपालिकाको लेखा शाखालाई चुस्त दुरुस्त पार्न साथै सेवाग्राहीलाई छिटो छरितो सेवा दिनका लागि संचालनमा रहेको ***स्थानीय संचितकोष व्यवस्थापन प्रणाली*** मार्फत विद्युतिय भुक्तानी दिने व्यवस्था मिलाइनेछ ।

६. स्वास्थ्य संस्थालाई प्रविधिमैत्री बनाउन आवश्यक कदम चालिने छ । साथै सम्पूर्ण स्वास्थ्य चौकीबाट आएका प्रतिवेदनहरुलाई चुस्त दुरुस्त र पारदर्शि बनाउनका लागि ***स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली*** लाई कार्यान्वयनमा ल्याइने छ ।

७. सुशासन र कार्यसम्पादन चुस्त दुरुस्त बनाउनको लागि प्रत्येक वडा र नगर कार्यपालिकामा इन्टरनेटको राम्रो व्यवस्था गरी सम्पूर्ण नगरपालिकाको कामकाज प्रविधि मैत्री बनाइने छ ।

## राजस्व संभाव्यता, बजार र वित्तिय व्यवस्थापन

१. नगरपालिकाबाट प्रदान गरिने सेवा सुविधालाई राजस्व शाखासंग आवद्ध गरि सेवा प्रवाह कार्यलाई प्रभावकारी बनाइनेछ ।

२. नगरबासीले तिर्ने कर शुल्क नै नगर समृद्धिको आधार हो, भन्ने तथ्यलाई मनन गर्दै नतिजा मुलक दिगो विकासका लागि श्रोत जुटाउन नगरबासीहरुलाई बोझ नहुने र सर्व स्वीकार्य हुने गरि सरल, वैज्ञानिक र प्रभावकारी कर प्रणाली मार्फत दर रेट कायम गरी आगामी आ.व. देखि सबै नगरबासीहरुलाई करको दायरामा ल्याइने छ ।

३. उद्योग बाणिज्य संघ संगको सहकार्य र समन्वयमा व्यवसाय करलाई व्यवस्थित र प्रभावकारी बनाई सबै व्यवसायलाई करको दायरमा ल्याइने छ ।

४. कर संकलन कार्यमा संलग्न कर्मचारीहरुलाई प्रोत्साहित गर्न वार्षिक लक्ष्य भन्दा बढी कर संकलन भएमा लक्ष्य भन्दा बढी कर संकलन भएको रकमबाट नगर कार्यपालिकाको बोर्डको निर्णयानुसार उत्कृष्ट कार्य गर्ने कर्मचारीहरुलाई प्रोत्साहन पुरस्कार उपलब्ध गराउनुका साथै कार्यालय समय बाहेक कार्यालयको काममा खटिने अन्य कर्मचारीहरुलाई समेत उचित सुविधा उपलब्ध गराइनेछ ।

५. राष्ट्रिय भवन संहिता र भवन निर्माण मापदण्ड बमोजिम बनेका पुराना घरहरुको नक्सा पास गर्ने, नयाँ भवन संरचनाहरु मपदण्ड बमोजिम बनाउन नक्सा पास गरि स्वीकृति दिने एवं मापदण्ड नपुगेका नगरपालिका घोषण हुनु अगावै बनेका पुराना घर संरचनाहरु सार्वजनिक जग्गा र सडकमा पर्ने भए सुधार गर्न लगाई अन्यको हकमा लगत लिई नगरपालिकाले तोके अनुसारको राजस्व असुल गरि अभिलेखिकरण गरि नगरपालिका घोषणा हुनु पूर्व र पछि बनेका घरहरुको रेकर्ड अध्यावधिक गरिनेछ ।

६. राजस्व सुधार कार्ययोजना अध्ययन प्रतिवेदनबाट प्राप्त सुझाव अनुसार राजस्वका अन्य क्षेत्रहरु समेत पहिचान गरि करको दर भन्दा दायरा बढाउने तर्फ पहल गर्नुको साथै नागरिकको सचेतिकरणको लागि कर शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।

**न्यायिक सम्पादन तर्फ**

१. न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरुको क्षमता विकासका लागि तालिम तथा अन्तर प्रदेश स्तरीय अनुगमन भ्रमण कार्यक्रम सञ्चालन गरीनेछ ।

२. मेलमिलाप कर्ताहरुलाई सूचिकृत गरी ४८ घन्टे तालिम प्रदान गरी प्रत्येक वडामा मेलमिलाप केन्द्र स्थापना गरीनेछ ।

३. न्याय सम्पादनका लागि नगरपालिकामा छुट्टै न्यायिक इजलासको व्यवस्थापन गरीनेछ ।

## विविध

१. विगत तिन वर्षदेखि नेपाल सरकार तथा युनिसेफको सहयोगमा संचालित बहुक्षेत्रिय पोषण कार्यकमलाइ निरन्तरता दिदै पोषण मैत्री स्थानीय तह घोषणाका लागि कार्यान्वयन निर्देशिका अनुसारका क्रियाकलापहरु संचालन गर्न बजेट विनियोजन गरिनेछ ।

२. नेपाल सरकार उद्योग मन्त्रालय मार्फत संचालनमा रहेको लघु उद्यम विकास कार्यकमलाइ गरिबि निवारणको लागि उद्यमी सिर्जना तथा स्तर उन्नती कार्यकम थप प्रभावकारी बनाइ संचालन गरिनेछ ।

३. आगामी आ.व. को सुरुवातमा नै आगामी वर्ष संचालन गरिने योजनाका सम्बन्धमा प्रत्येक वडामा उपभोक्ता समिति र सरोकारवालाको सबैको सहभागितामा अभिमुखिकरण कार्यक्रम संचालन गरिनेछ । फाल्गुण मसान्तभित्र सबै योजनाहरुको सम्झौता गरि जेष्ठ मसान्तभित्र सम्पुर्ण योजनाहरुको भुक्तानी गर्ने व्यवस्था मिलाइनेछ ।

४. संचार जगतलाई राज्यको चौथो अंग मानिन्छ तसर्थ संचार माध्यमहरुको विकास, सहयोग र सहजिकरण गरिनेछ ।

५. आगामी दिनमा राजस्वको दायरालाई फराकिलो बनाउदै प्रभावकारी संयन्त्रको विकास गरी लक्षित राजस्व परिचालन गर्न जोड दिइनेछ।

६. संविधानको मर्म र भावना अनुसार नगरपालिकाको समग्र विकासका लागि संघीय र प्रदेश सरकार, दातृ निकाय, समाजसेवी, साझेदार संस्था सबैसंग निरन्तर समन्वय र सहकार्य गरिनेछ।

७. सहभागितामुलक योजना र विकासले मात्र दिगो विकासको आधार तयार गर्दछ। आजको विकास प्रकृया कुनै एक पक्ष वा संयन्त्रले मात्र संभव नहुने हुँदा समग्र विकासका लागि सबै साझेदारहरुलाई स्वागत गरी विकासलाई साझेदारीमा अगाडी बढाइने नीति अख्तियार गरिनेछ

**सम्माननीय सभाध्यक्ष महोदय,**

अब म माथिका क्षेत्रगत नीति तथा कार्यक्रम कार्यान्वयनका लागि बजेट विनियोजन श्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्दछु।

आगामी आर्थिक वर्ष २०७९।०८० को लागि संघीय सरकारबाट यस नगरपालिकालाई वित्तिय समानिकरण वापत रु. २० करोड १४ लाख, सशर्त अनुदान चालु वापत रु. ३३ करोड ४६ लाख, सशर्त अनुदान पुजीगत तर्फ ९ करोड ४७ लाख, राजस्व बाँडफाँड अर्न्तगत रु. १५ करोड ६९ लाख १९ हजार, विशेष अनुदान रु. १ करोड र समपुरक अनुदान रु. १ करोड प्राप्त भएको छ। त्यसै गरी प्रदेश सरकारबाट वित्तिय समानिकरण अनुदान वापत रु. १ करोड ५० लाख २ हजार, विशेष अनुदान रु. ३० लाख, समपुरक अनुदान रु. २० लाख र सवारी साधन कर बाँडफाँड रु. १ करोड ७२ लाख ७० हजार प्राप्त भएको छ। प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रममा रु. ४ लाख, युनिसेफ कार्यक्रममा रु. ५ लाख, सामाजिक सुरक्षा कार्यक्रममा रु. २६ करोड २५ लाख र गरिबसंग विशेश्वर कार्यक्रममा रु. ५ लाख प्राप्त हुने भएको छ। नगरपालिकाको आगामी आ.व. को लागि आन्तरिक आम्दानी रु. ९ करोड (मालपोत कार्यालयबाट प्राप्त हुने समेत) अनुमान गरिएको छ। यसरी आगामी आ.व. को लागि कुल अनुमानित आय रकम रु. १ अरब १९ करोड ८७ लाख ९१ हजार रहेको छ।

उपरोक्त रकमलाई चालु र पूँजिगत खर्च गरि निम्न बमोजिम छुटयाइएको छु।

**व्यय तर्फ**

१. चालु खर्च रु.५८ करोड १४ लाख ७८ हजार ६ सय

२. पूँजिगत कार्यक्रम खर्च रु. ३५ करोड ४८ लाख १२ हजार ४ सय

३. सामाजिक सुरक्षा कार्यक्रम रु २६ करोड २५ लाख

जम्मा : रु १ अर्ब १९ करोड ८७ लाख ९१ हजार मात्र

**नगरसभाका सदस्य महानुभावहरु**

विकासमा जनताको अधिकार स्थापित गर्ने मूल सिद्धान्त अनुसार तयार भएको यो नीति तथा कार्यक्रमको कार्यान्वयनले चन्द्रपुर नगरपालिकाको समृद्धिको सपनालाई सम्बोधन गर्ने छ भन्ने कुरालाई मैले विश्वास लिएको छु। विगत वर्षमा हामीले लिएका नीति तथा कार्यक्रमहरुको कार्यान्वयनमा सघाउ पुऱ्याउनु हुने सम्पूर्ण नगरसभा सदस्यज्यूहरु, राजनीतिक दलका प्रतिनिधिहरु, कर्मचारीहरु, नागरिक समाजका प्रतिनिधिहरु, शिक्षकहरु, विद्यार्थीहरु एवं सबै सरोकारवालाहरुमा हार्दिक आभार प्रकट गर्दछु। उल्लेखित नीति तथा कार्यक्रम कार्यान्वयन गर्न नगरपालिकाको एक्लो प्रयासबाट मात्र सम्भव नहुने हुँदा यस नगरपालिकाको विकास र समृद्धिमा चासो र सरोकार राख्ने

सम्पूर्ण जनसमूदाय, राजनीतिक दल, सरकारी तथा दातृ निकाय, समाजसेवी, बुद्धिजिवी, व्यवसायी र विकास प्रेमी सम्पूर्ण महानुभावहरुसंग आगामी दिनमा नगरपालिकाको दिगो विकास र समृद्धिको नीम्ती अझ बढी रचनात्मक र सकारात्मक सहयोग, सल्लाह र सुझाबको अपेक्षा गर्दछु । यसको सफल कार्यान्वयन गरी **"सफा र सभ्य चन्द्रपुर, हाम्रो चन्द्रपुर राम्रो चन्द्रपुर"** निर्माण गर्नुहुन सम्पूर्ण सरोकारवाला पक्षहरुका साथै नगरबासी आमा, बुवा, दाजुभाई, दिदीबहिनी, बुद्धिजिवी, शिक्षक कर्मचारी लगायत सबैमा हार्दिक अनुरोध गर्दछु ।

धन्यवाद ।

जयमाला कुमारी चौधरी
उप प्रमुख
चन्द्रपुर नगरपालिका
मधेश प्रदेश, रौतहट